# छात्रवृत्ति कार्यक्रमसँग शैक्षिक उपलब्धिको सम्बन्ध

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा
व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय
बर्षको आंशिक आवश्यकता पूरा
गर्न प्रस्तुत

## शोध-पत्र

प्रस्तुतकर्ता
कृष्णप्रसाद पौडेल
क्याम्पस रोल नं–५७
त्रि.वि.दर्ता नं.१६१६६–८७
परीक्षा रोल नं. २०४००४४

कनकाई बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा ब्यबस्थापन विभाग
सुरुङ्गा, झापा
२०७२ (सन् २०१६)

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका–३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :२०७२/०९/१५

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **कृष्ण प्रसाद पौडेलले** मेरो प्रत्यक्ष निर्देशनमा **छात्रवृत्ति कार्यक्रमसँग शैक्षिक उपलब्धिको सम्बन्ध** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

(गोपीकृष्ण भट्टराई)
शोध निर्देशक

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )
कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति : २०७२/१०/०२

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका शोधार्थी **कृष्ण प्रसाद पौडेलले छात्रवृत्ति कार्यक्रमसँग शैक्षिक उपलब्धिको सम्बन्ध** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

| | |
|---|---|
| १. उप-प्रा. आशा शर्मा सिवाकोटी<br>विभागीय प्रमुख | ................................ |
| २. गोपीकृष्ण भट्टराई<br>शोध निर्देशक | ................................ |
| ३. उप-प्रा. शेषराज अधिकारी<br>वाह्य परीक्षक | ................................ |

## कृतज्ञता ज्ञापन

त्रिभूवन विश्वविद्यालय अन्तरगत कनकाइ बहुमुखी क्याम्पस सुरुङ्गा झापाको स्नात्तकोतर तह द्वितिय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन बिषयको आंशिक परिपूर्तिका लागि यो शोधपत्र तयार गरिएको छ ।

प्रस्तुत शोधपत्र तयारीको क्रममा शोध प्रस्तावनाको रुपरेखा तयार गर्नेदेखि लिएर शोधपत्रको अन्तिम रुप प्रदान गरुञ्जेलसम्म आवश्यक निर्देशन, सल्लाह र सुझाव गरिदिनुहुने शोध निर्देशक आदरणीय गुरु श्री गोपीकृष्ण भट्टराईज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी शोध कार्यलाई अगाडि बढाउनका लागि आवश्यक वातावरण मिलाई विभागीय स्वीकृति प्रदान गर्नुहुने विभागीय प्रमुख श्री आशा शर्मा शिवाकोटीज्यू र विभागका आदरणीय गुरुहरुप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

अध्ययनको क्रममा सूचना तथा तथ्याङ्क उपलब्ध गराउने नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्षज्यूहरु शिक्षक, कर्मचारी र विद्यार्थीहरु जसले यस कार्यका लागि आफ्नो अमूल्य समय प्रदान गरी शोधपत्र तयार गर्न यथेष्ट सहयोग पुऱ्याउनु हुने सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । यसैगरी मित्र दिपक खनाल, अर्जुन कार्की, बद्री बास्तोला लगायत सबै सहयोग पुऱ्याउनु हुने मेरो मित्रहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । शोधपत्र शुद्धाशुद्धीका साथ वाक्य संयोजन गर्न विशेष सहयोग पुऱ्याउने मेरी श्रीमती फणिन्द्र कुमारी रिमाल(पौडेल), मेरा सुपुत्रद्वय सजल एवम् सन्दिप मल्टिटक कम्प्यूटरका हेमराज थापा धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, शोधपत्रको तयारीको क्रममा भाषिक शुद्धिकरणका टङ्कन गरी शोधपत्र तयारीमा अन्तिम रुप दिन आवश्यक सहयोग पुऱ्याउनु हुने वशिष्ठ कम्प्यूटर डिजाइनिङ्ग सेन्टरका दुर्गा लुइटेललाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

कृष्णप्रसाद पौडेल

# शोधसार

छात्रवृत्ति वितरण कार्यक्रमसँग वालवालिका भर्नाको सम्बन्ध शीर्षकमा गरिएको यो शोधकार्यको मुख्य उदेश्य सामुदायिक विद्यालयहरुमा सीमान्तकृत वर्गका वालवालिकाको भर्नामा र शौक्षिक उपलब्धीमा पारेको प्रभावको लेखाजोखा गरेर अध्ययन गरी यथार्थ अवस्थाको उजागर गर्नु रहेको छ ।

यस अध्ययनमा माथि उल्लेखित उद्देश्यहरु पूरा गर्न झापा जिल्लाका तीन वटा स्रोतकेन्द्रहरु वाहुण्डाँगी स्रोतकेन्द्र, काँकरभिट्टा स्रोतकेन्द्र र वुधवारे स्रोतकेन्द्रका गरी जम्मा ५९ वटा सामुदायिक विद्यालयहरुलाई अध्ययनको जनसंख्या वनाई तीनवटै स्रोतकेन्द्रबाट क्रमशः २, २ र १ गरी जम्मा ५ वटा विद्यालयहरुको उद्देश्यात्मक नमूना छनोट विधि प्रयोग गरी अध्ययन गरिएको छ । यी विद्यालयहरु मध्ये १ वटा प्राथमिक, १ वटा निम्न माध्यमिक, ३ वटा उच्च माध्यमिक विद्यालयहरु रहेका छन् ।

छात्रवृत्ति वितरण, सीमान्तकृत विद्यार्थी भर्ना र शैक्षिक उपलव्धि जस्ता कुराहरुको अवस्थाको वारेमा विभिन्न विद्यालयहरु विचको तुलना गर्दा विशेष गरी अंग्रेजी भाषाको मोह, सीमान्तकृत वर्गको आर्थिक अवस्था, विद्यालय पुग्न पार गर्नु पर्ने दुरी र अभिभावकहरुको चेतना स्तर जस्ता चरहरुको अहं भूमिका रहेको हुनाले अध्ययनको नतिजाका वढी विश्वसनीयता र यथार्थ हाँसिल गर्न अलग अलग स्रोतकेन्द्रहरुका ग्रामिण तथा शहरी दुवै परिवेशका विद्यालयहरु छनोट गरेर परिमाणत्मक र गुणात्मक दुवै ढाँचा प्रयोग गरेर यो अनुसन्धान गरिएको छ ।

देशव्यापी रुपमा सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या घट्दै गइिरहेको अवस्थामा यसको प्रभाव सीमान्तकृत वर्गका विद्यार्थीहरुमा पनि परेको प्रष्ट देखिन्छ । तर सीमान्तकृत विद्यार्थी भर्ना संख्या कम हुँदै गएता पनि कुल विद्यार्थी भर्ना संग तुलना गर्दा सीमान्तकृत विद्यार्थी भर्ना प्रतिशत भने कुनै विद्यालयमा कुनै कुनै सालमा वाहेक समग्रमा वृद्धि हुँदै गइरहेको देखिएको छ । यस अध्ययनको क्रममा सीमान्तकृत छात्रवृत्ति वितरण सम्वन्धमा विभिन्न समस्याहरु देखिएको छ । विद्यालयको आवश्यकता अनुसारको समय र परिमाण छात्रवृत्ति रकम प्राप्त नहुनु, विद्यार्थीहरुलाई जात र वर्ण विशेष मात्र छात्रवृत्ति वितरण गरिनु, छात्रवृत्ति वितरण गरिने रकम ज्यादै न्यून हुनु, छात्रवृत्ति उचित ढंगले वितरण भए नभएको सम्वन्धित निकायबाट अनुगमन नहुनु, छात्रवृत्ति प्राप्त रकम

अभिभावकहरुले अन्य घरायसी कामकाजमा खर्च गरिनु र न्युन आर्थिक अवस्था भएका अन्य जात र वर्गका विद्यार्थीहरुले छात्रवृत्ति नपाउँदा विद्यालय र सरकारप्रति उनीहरुमा नकारात्मक सोचको विकास हुने जस्ता समस्याहरु पहिचान गरिएको छ ।

यी समस्याहरुलाई समाधान गर्न सरकार र विद्यालयको तर्फबाट पर्याप्त आर्थिक स्रोत जुटाउनु पर्ने, निजी क्षेत्रलाई लगानीका लागि प्रोत्साहन गर्ने, वितरण गरिने प्रति विद्यार्थी छात्रवृत्ति रकम समय अनुसार वृद्धि गर्दै लैजानु पर्ने, प्रत्येक विद्यार्थीका शैक्षिक आवश्यकता अनुसार छात्रवृत्ति रकम वितरण गर्ने वातावरण वनाउनु पर्ने, छात्रवृत्ति रकम मासिक वा त्रैमासिक रुपमा वितरण गर्ने व्यावस्था मिलाउनु पर्ने, प्रभावकारी अनुगमन हुनुपर्ने , छात्रवृत्ति पाउने विद्यार्थी र तिनका अभिभावकलाई आफ्नो

शैक्षिक स्तर सुधार र विद्यालयमा नियमितता वढाउन दवाव सृजना गर्ने, अभिभावक सचेतना कायक्रम गर्नु पर्ने, निजी क्षेत्रलाई सरिक गराउन अभिप्रेरित गर्न लगानी कर्तालाई सम्मान र कदरपत्र वितरणको व्यवस्था विद्यालयले मिलाउने र सामाजिक लेखा परिक्षण गराई भेला आयोजना गरेर सार्वजनिक गर्दै अनुमोदन  गराउने कार्य उचित समयमा गर्ने व्यवस्था मिलाउने वालमैत्री वातावरणको सृजना गर्ने जस्ता उपायहरुको अवलम्वन र कार्यान्वियन गर्ने सुझावहरु दिईएको छ ।

# विषय सूची


| क.स. | शीर्षक | पेज नं |
|---|---|---|
| | **परिच्छेद एक : परिचय** | **१-५** |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | २ |
| १.३ | अध्ययनको औचित्य | ३ |
| १.४ | अध्ययनको उद्देश्य | ४ |
| १.५ | अनुसन्धानात्मक प्रश्नहरु | ४ |
| १.६ | अध्ययनको परिसीमा | ५ |
| | **परिच्छेद दुईः सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | **६-१३** |
| २.१ | सम्वन्धित साहित्यको पुनरावलोकन | ६ |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | १० |
| २.२.१ | चेस्टर्र आई बनार्ड | १० |
| २.२.२ | टेलर | ११ |
| २.२.३ | मास्लोको अभिप्रेरणाको सिद्धान्त | १२ |
| २.३ | शैक्षिक उपादेयता | १२ |
| | **परिच्छेद तीनः अध्ययन विधि** | **१४-१७** |
| ३.१ | अनुसन्धानात्मक ढाँचा | १४ |
| ३.२ | जनसंख्या र नमूना छनौट | १४ |
| ३.२.१ | जनसंख्या | १४ |
| ३.२.२ | नमूनाको आकार | १५ |
| ३.२.३ | नमूना छनौट विधि | १५ |
| ३.३ | अनुसन्धानका साधनहरु | १५ |
| ३.४ | तथ्याङ्कका स्रोतहरु | १६ |
| ३.४.१ | प्राथमिक स्रोत | १६ |
| ३.४.२ | द्वितीय स्रोत | १६ |
| ३.५ | तथ्याङ्क संकलन प्रकृया | १६ |
| ३.६ | तथ्याङ्कको विश्लेषण प्रकृया | १७ |

**परिच्छेद चार : तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतीकरण** **१८-२५**

४.१ सीमान्तकृत वालवालिकालाई वितरण गरिने छात्रवृत्तिको अवस्था १९

४.२ सीमान्तकृत वालावालिकालाई वितरण गरिने छात्रवृत्ति र सीमान्तकृत विद्यार्थी भर्नाको अवस्था २०

४.३ सीमान्तकृतलाई वितरण गरिने छात्रवृत्ति र औसत सिकाइ उपलब्धि २२

४.४ छात्रवृत्ति वितरणमा देखिएका चुनौतीहरु २३

४.५ छात्रवृत्ति वितरणमा देखिएका समस्या/चुनौतीलाई समाधान गर्ने उपायहरु २५

**परिच्छेद पाँच : निष्कर्ष र सुझावहरु** **२७-३१**

५.१ निष्कर्ष २७

५.२ सुझावहरु २९

५.२.१. नीतिगत तह २९

५.२.२ अभ्यासगत तह ३०

५.२.३ अनुसन्धानात्मक तह ३१

**सन्दर्भ सामग्री**

**अनुसूची**

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षाको क्षेत्रमा सबैको पहुँच बढाउनका निमित्त विशेष वर्ग, लिङ्ग वा जातका बालवालिकाहरूलाई प्रदान गरिने आर्थिक सहयोगलाई छात्रवृत्ति भनिन्छ । छात्रवृत्ति वितरणको इतिहासलाई अध्ययन गर्दा नेपालमा सरकारको तर्फबाट छात्रवृत्ति वितरण गर्ने चलन पृथ्वीनारायण शाहको पालादेखि चलेको पाइन्छ । उनको पालामा केही व्यक्तिहरूलाई छात्रवृत्ति प्रदान गरेर सीप र तालिम उपलब्ध गराई स्वदेशमा नै उद्योगहरू सञ्चालन गरी जनतालाई आवश्यक पर्ने उपभोग्य बस्तुहरूको उत्पादन गरेर आत्मनिर्भर बनाउन भारतमा पढ्न पठाएको कुरा इतिहासमा उल्लेख छ । त्यसैगरी राणाकालमा पनि गेहेन्द्र शम्शेर लगायतका व्यक्तिहरूलाई जापानमा गएर अध्ययन गर्न सरकारको तर्फबाट छात्रवृत्ति प्रदान गरेर पठाएको कुरा उल्लेख भएको पाइन्छ । राणा शासनको अन्त्य पछि २००७ सालमा प्रजातन्त्रको उदय भयो । प्रजातन्त्रको उदय पछि शिक्षाको विकासमा ठूलो योगदान पुगेको छ । पछि पञ्चायती सरकार आयो । यस पञ्चायती कालमा तत्कालिन राजा वीरेन्द्रको शुभराज्यभिषेकको अवसर पारेर २०२८ सालले २०३१ सालमा प्राथमिक शिक्षालाई निशुल्क गर्ने भन्ने घोषणा गरिएको थियो । २०४७ सालमा पञ्चायत सरकारको अन्त्य भई प्रजातान्त्रिक सरकारको उदय भएपछि क्रमश नि.माध्यमिक विद्यालय तथा माध्यमिक विद्यालय तहलाई निशुल्क एवं निशुल्क पाठ्यपुस्तक वितरण गर्ने व्यवस्था गरेको पाइन्छ । तर यहाँ प्रस्तुत गर्न खोजिएको छात्रवृत्ति सीमान्तकृत बालबालिकालाई प्रदान गरिएको छात्रवृत्तिसँग सम्बन्धित छ । यो कार्यक्रम नेपालमा विद्यालय क्षेत्र सुधार योजना नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा २०६६ भदौ ४ मा स्वीकृत भएपछि वि. सं. २०६७ सालदेखि छात्रा, दलित एवम् सीमान्तकृत बालबालिकालाई छात्रवृत्ति वितरण गर्न थालिएको हो ।

सीमान्तकृत जातजाति भन्नाले अल्पसंख्यक तथा पछिडिएका जातजातिहरू जसअन्तर्गत नेपाल सरकारद्वारा तोकिए बमोजिम जनजातिहरू क्रमशः कुसुन्डा, वनकरिया, राउटे, सरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशवाडिया, माझी, सियार,

लोहामी, (सिङ्सावा) थुदाम, धानुक, चेपाङ्ग, सतार (सन्थाल), झांगड, थामी, बोटे दनुवार, बरामु, वादी र मुसहर (फ्लास रिपोर्ट) पर्दछन् ।

नेपालको दशौं पञ्चवर्षीय योजनाको समाप्ति पश्चात तीन बर्षीय अन्तरिम योजना २०६४/०६५-२०६६/०६७ शुरु भयो । यस योजनाले राखेको अपेक्षित लक्ष्य अनुसार प्राथमिक तहमा सहजै देखिने भर्नादर र खुद भर्नादर १०४ र ९६ पुऱ्याउने, निम्न माध्यमिक तहमा सहजै देखिने भर्नादरलाई ६५ र माध्यमिक विद्यालयमा ६० पुऱ्याउने कुरा उल्लेख गरिएको छ । तर सीमान्तकृत बालबालिकाको भर्नादरमा भने लक्ष्य तोकेको पाइदैन । यस योजनाले नि : शुल्क र सर्वसुलभ आधारभूत शिक्षाको प्रत्याभुति गर्न, गुणस्तर प्रदान गर्दै सबै नागरिकको पहुँच सुनिश्चित गरी साक्षर बनाउनु जस्ता उद्देश्यहरू राखेको छ । तीन वर्षीय अन्तरिम योजना (२०६४/६५-२०६६/६७) । हाल चालु एघारौं पञ्चवर्षीय योजनामा सबै बालबालिकालाई शिक्षामा पहुँच बढाउने उद्देश्यले २०६७ देखि शुरु गरिएको विद्यालय क्षेत्र सुधार योजना अन्तर्गत सीमान्तकृत बालबालिकाको शिक्षामा पहुँच बढाउन छात्रवृत्ति कार्यक्रम सञ्चालन कार्यलाई अंगिकार गरेर प्रयोगमा ल्याइएको अवस्थामा छात्रवृत्ति कार्यक्रमको प्रभाव कस्तो छ भनेर अध्ययन अनुसन्धान गर्न आवश्यक भएको हो तसर्थ विभिन्न कारणले विद्यालय जानबाट बञ्चित रहेर बालश्रमिकको रुपमा काम गर्नुपर्ने वा घरमै बसेर खेलेर पनि समय वर्वाद गरिरहेका विपन्न र पिछडिएको बर्ग, दलित एवम् सीमान्तकृत बालबालिकाहरूको अवस्थामा विशेष गरी मेचीनगर नगरपालिका, बाहुण्डाँगी र बुधबारे स्रोतकेन्द्रका केहि विद्यालयहरूमा छात्रवृत्ति कार्यक्रमले विद्यार्थी भर्नामा कस्तो प्रभाब पारेको छ भन्ने कुराको सही तथ्याङ्क प्राप्त गर्न अध्ययनले ठूलो भूमिका निर्वाह गर्ने छ भन्ने विश्वास गरिएको छ ।

## १.२ समस्याको कथन

सीमान्तकृत बालबालिकालाई छात्रवृत्ति वितरण गरिने व्यवस्थाको कारणले ती विद्यार्थीहरूको भर्नामा सकारात्मक प्रभाव पारेको भए तापनि यो छात्रवृत्ति वितरण कार्यक्रम चुनौतीपूर्ण रहेको र दुरुपयोग हुन पुगेको देखिन्छ । कतिपय विद्यालयहरूमा सीमान्तकृत विद्यार्थीलाई वितरण गर्नुपर्ने छात्रवृत्तिलाई आर्थिक रुपमा अझ विपन्न रहेका अन्य जातजातिका विद्यार्थीहरू पनि रहेकाले त्यस्ता विद्यार्थीहरूलाई पनि दामासाहीमा वितरण गरिएको अवस्था रहेको छ । त्यस्तै गरी सीमान्तकृत

बालबालिकालाई वितरण गरिएको छात्रवृत्ति रकम अभिभावकहरूले आफ्ना बालबालिकाको शैक्षिक गतिविधिमा खर्च गर्नुपर्नेमा दालचामल खरिदमा एवम् जाँड रक्सी खाएर उडाउने काममा समेत दुरुपयोग हुन गएको देखिएको छ । सीमान्तकृत बालबालिकालाई वितरण गर्नु पर्ने छात्रवृत्ति रकमको समयमा निकासा नपाउनु र निकासा पाइए पनि विद्यालयको व्यवस्थापन र प्रशासन पक्ष फितलो भएका कारण विद्यालयहरूमा आर्थिक अभाव र अन्य काममा उक्त रकम खर्च गरी समयमा नै विद्यार्थीहरूलाई उक्त छात्रवृत्ति रकम वितरण नगरिनु जस्ता समस्याहरू देखिएका छन् । विशेष गरी झापा जिल्लाको काँकरभिट्टा स्रोतकेन्द्र, बाहुनडाँगी र बुधबारे स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरूमा सीमान्तकृत बालबालिकाहरूमा छात्रवृत्ति वितरण कार्यक्रममा देखिएका समस्याहरू औंल्याउन र समस्या समाधानका उपायहरू पत्ता लगाई सीमान्तकृत बालबालिकाहरूको भर्नामा प्रभावकारिता ल्याउनमा यो अध्ययन केन्द्रित भएको छ ।

## १.३ अध्ययनको औचित्य

शिक्षा मानिसको आधारभूत आवश्यकता हो । आजको विश्व परिवेशमा शिक्षा प्राप्त गर्ने कुरा मानव अधिकार र मौलिक अधिकारको रुपमा स्थापित छ । आजका मानिसहरू आफ्ना सन्तानलाई गुणस्तरीय शिक्षा प्रदान गर्न अत्यन्तै लालायित छन् । आफ्ना नागरिकका चाहना पूरा गर्न र राज्यको जनशक्तिको आवश्यकतालाई पूरा गर्न शिक्षालाई गुणस्तरीय र सर्बसुलभ बनाउन राज्यले ठूलो धनराशी शिक्षा क्षेत्रको विकासका लागि खर्च गरिरहेको अवस्था छ । विशेषतः शिक्षाबाट कुनै पनि वर्ग र समुदायका बालबालिकाहरू वञ्चित नहुन भन्ने उद्देश्यले राज्यद्वारा विपन्न वर्ग, दलित, जनजाति एवम् सीमान्तकृत समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति वितरण गर्ने कार्य विद्यालय क्षेत्र सुधार योजना कार्यक्रम मार्फत २०६७ देखि शुरु गरिएको हो (विद्यालय क्षेत्र सुधार योजना २०६६/२०७२) । राज्यको सबैका लागि शिक्षा प्रदान गर्ने लक्ष्य र प्रत्येक बालबालिकाहरूको शिक्षा आर्जन गर्न पाउनु पर्ने मौलिक अधिकारलाई सुनिश्चित गर्न छात्रवृत्ति वितरण कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो । विशेष गरी अन्य जातजाति, बर्ग र समुहमा छात्रवृत्ति वितरण कार्यक्रमले पारेको प्रभावको बारेमा विभिन्न समयमा अनुसन्धानहरू गरिएको पाइए तापनि सीमान्तकृत बालबालिकाको शिक्षामा पहुँच र भर्ना दरमा छात्रवृत्तिले के कस्तो प्रभाव पारेको रहेछ भन्ने सन्दर्भमा

कुनै अनुसन्धान कार्य भएको नपाइएकाले यो बिषयमा अनुसन्धान गर्न बान्छनीय रहेको ठहर गरी छात्रवृत्ति वितरणले सीमान्तकृत बालबालिकाको भर्नामा पारेको प्रभाव शीर्षकमा यो शोध कार्य गरिएको छ ।

यो अध्ययनले सरकारले अपनाएको विद्यार्थी भर्नादर बढाउने अभियानमा सहयोग पुऱ्याउन, छात्रवृत्ति वितरण सम्बन्धी समस्या पहिचान गर्न, समस्या सुल्झाउने उपाय खोज्न एवम् राज्यले, व्यक्तिले र समुदायले शिक्षा क्षेत्रमा गरेको लगानी खेर जान नदिन सरकारलाई छात्रवृत्ति रकम लक्षित वर्ग समक्ष पुऱ्याउने कार्यमा योजनाकारहरूलाई छात्रवृत्ति वितरणमा देखिएका कठिनाइहरूलाई समाधान गर्दै प्रभावकारी योजना निर्माण गर्ने कार्यमा, प्रशासकहरूलाई प्रभावकारी ढङ्गले छात्रवृत्ति वितरणको कार्य व्यवस्था मिलाई कार्यान्वयन गर्न, अभिभावकहरूलाई आफ्ना छोराछोरीहरूलाई शिक्षा प्रदान गर्ने कार्यमा अभिप्रेरित गर्न तथा सीमान्तकृत विद्यार्थीका शैक्षिक क्षेत्रका आवश्यक वस्तुहरूको प्राप्त गर्ने कार्यमा  यो अध्ययनले सहयोग पुऱ्याउँदछ । तसर्थ छात्रवृत्ति वितरण कार्यक्रमलाई अझ प्रभावकारी ढंगले सञ्चालन गरेर सबै बर्गका जनतालाई शिक्षा आर्जन गर्न सक्ने सहज र सुलभ वातावरण निर्माण गर्न ठूलो सहयोग पुग्ने छ भन्ने अपेक्षा गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू यस प्रकार रहेका छन् ।

(क) सीमान्तकृत विद्यार्थीमा छात्रवृत्ति वितरणको वर्तमान अवस्था पहिचान गर्नु ।

(ख) छात्रवृत्ति वितरण कार्यक्रमले सीमान्तकृत बर्गका बालबालिकाको शैक्षिक उपलब्धिमा पारेको प्रभावको लेखाजोखा गर्नु ।

(ग) छात्रवृत्ति वितरण कार्यक्रम र विद्यार्थी भर्नाको सम्बन्ध केलाउनु ।

(घ) छात्रवृत्ति वितरण कार्यक्रम र भर्नाको सम्बन्धमा भएका समस्याहरू पत्ता लगाइ समाधानका उपायहरू बारे सुझाव प्रस्तुत गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

उक्त उद्देश्य पूरा गर्नका लागि राखिएका अनुसन्धानात्मक प्रश्नहरू यस प्रकार छन् :

(क) छात्रवृत्ति कार्यक्रम भनेको के हो ?

(ख) सामुदायिक विद्यालयहरूमा सरकारद्वारा वितरण गरिएको छात्रवृत्ति कार्यक्रमको वर्तमान अवस्था के कस्तो छ ?

(ग) छात्रवृत्ति वितरण कार्यक्रमले सीमान्तकृत बर्गका बालबालिकाको भर्नामा क कस्तो प्रभाव पारेको छ ?

(घ) छात्रवृत्ति वितरण जातजाति र बर्ग विशेष नगरी आर्थिक अवस्थालाई ध्यानमा राखी वितरण गर्दा के कस्तो होला ?

(ङ) सीमान्तकृत वर्गका लागि छात्रवृत्ति वितरण गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ? यसमा सुधार गर्नु पर्ने केहि छ की ?

(च) सीमान्तकृत वर्गका विद्यार्थीहरूको भर्ना संख्या बढाउन अरु कुनै उपाय र विधि अपनाउन सकिन्छ ?

(छ) सीमान्तकृत वर्गका लागि छात्रवृत्ति वितरण कार्यमा के कस्ता समस्याहरू विद्यमान छन् ?

(ज) छात्रवृत्ति वितरण कार्यक्रमले सीमान्तकृत बालबालिकाको सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ ?

(झ) छात्रवृत्ति कायक्रमले सीमान्तकृत विद्यार्थीहरूको नियमिततामा के कस्तो प्रभाव पारेको छ ?

(ञ) ती समस्याहरू समाधान गर्न के कस्ता सुझावहरू दिन सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

छात्रवृत्ति वितरण कार्यक्रमसँग विद्यार्थी भर्नाको सम्बन्ध शीर्षकमा गरिने शोधकार्यको उपलब्धिले समग्र राष्ट्रकै प्रतिनिधित्व गर्ने भएता पनि शोधार्थीको स्रोत, साधन र समयको सीमितताको कारण यस अध्ययनलाई झापा जिल्लाको काँकरभिट्टा स्रोतकेन्द्रका १ वटा प्राथमिक विद्यालय, १ वटा माध्यमिक विद्यालय गरी २ वटा, बाहुण्डाँगी स्रोतकेन्द्रको १ वटा निम्न माध्यमिक विद्यालय र १ वटा माध्यमिक विद्यालय गरी २ वटा र बुधबारे स्रोतकेन्द्रको १ वटा माध्यमिक विद्यालय गरी जम्मा ५ वटा विद्यालयहरूमा सीमित गरिएको छ । ती विद्यालयहरूको जनशक्ति, भौतिक, शैक्षिक एवम् आर्थिक पक्षहरूमध्ये आर्थिक पक्ष अन्तर्गत पर्ने छात्रवृत्ति कार्यक्रममा पनि फ्लास वानको अभिलेख अनुसार विशेष गरी सीमान्तकृत बालबालिकालाई दिइने छात्रवृत्ति कार्यक्रमसँग सीमान्तकृत विद्यार्थी भर्ना, विद्यार्थीको नियमितता र सिकाइ उपलब्धि जस्ता शैक्षिक उपलब्धिहरूको सम्बन्धलाई यस अध्ययनमा समेटिएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

छात्रवृत्ति कार्यक्रमसँग शैक्षिक उपलब्धिको सम्बन्ध बारेमा अनुसन्धान गर्न सहयोग पुगोस् भन्नका निमित्त यस विषयसँग मिल्दाजुल्दा विषयहरूमा के कस्ता अनुसन्धानहरू भएका रहेछन् ? अनुसन्धान कसरी गर्नुपर्ने रहेछ ? के कस्ता सिद्धान्तहरू यो अध्ययन कार्यमा उपयोगी हुनेछन् ? भन्ने कुरालाई अध्ययन गरेर यो अनुसन्धान कार्यलाई सही दिशा निर्देश गरी सम्पन्न गर्न र अध्ययनको औचित्य पुष्टि गर्न निम्न शीर्षकहरूमा यो परिच्छेदमा अध्ययन गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

सम्बन्धित साहित्यको पुनरावलोकन भन्नाले विगतमा त्यस विषयमा भईसकेको अध्ययनलाई पुनरावलोकन गर्नु अर्थात सम्बन्धित क्षेत्रसँग सम्बन्धित अन्य सामग्रीहरूको अध्ययन गर्नु हो । पूर्व कार्यको अध्ययन नगरी गरिएको शोध कार्य स्तरहीन र अर्थहीन हुन जान्छ । पूर्व कार्यको पूर्ण अध्ययन गर्नुको मुख्य कारण विगतमा गरिएको धारणा र पद्धतिहरूका आधारमा भविष्यमा गरिने अनुसन्धान कार्यलाई सहयोग मिल्दछ । सामुदायिक विद्यालयका विभिन्न जात र वर्गका विद्यार्थीहरूमा वितरण गरिएको छात्रवृत्तिको बारेमा विभिन्न व्यक्ति तथा संघसंस्थाहरूबाट अध्ययन गरेको पाइन्छ ।

सेरिड (२००३) का अनुसार विद्यालयको शैक्षिक गतिविधिमा प्रभावकारिता वृद्धि गर्न विभिन्न सूचकहरूको अध्ययन गरी शिक्षामा पहुँच वृद्धि गर्न विभिन्न सुझावहरू दिएको छ । विद्यालयको प्रभावकारितामा योगदान दिने तत्वहरूको मूल्याङ्कन गर्नु भन्ने उद्देश्य राखेर यो अध्ययन गरिएको छ । उक्त अध्ययनले दलित, पिछडिएको जाति र सीमान्तकृत वर्गको शिक्षामा पहुँच अत्यन्तै न्यून रहेको र पहुँच वृद्धिकालागि ठोस कार्यक्रम नभएको नमूना छनोट गरी अध्ययन गरिएको विद्यालयहरूको विद्यालय व्यवस्थापन समितिहरूलाई आफनो काम, कर्तव्य र अधिकार बारे ज्ञानको अभाव भएको आर्थिक स्रोत जुटाउने र शिक्षामा सबैको पहुँच बढाउन छात्रवृत्ति जस्ता कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन नगरिएको जस्ता समस्याहरू देखिएको छ । उक्त अध्ययन प्रतिवेदनले सुझावका रुपमा विद्यालयका भौतिक र

आर्थिक अवस्थामा सुधार गर्नु पर्ने प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति स्रोत व्यक्ति र शिक्षा कार्यलयबीच समन्वय गरी कार्यकुशलता बढाउनु पर्ने र सबैका लागि शिक्षामा पहुँच बढाउनु कार्यक्रमहरू बनाइ लागु गर्नुपर्ने जस्ता सुझावहरू प्रस्तुत गरिएको छ ।

यो साहित्यको पुनरावलोकनबाट सीमान्तकृत विद्यार्थीको शिक्षामा पहुँच बढाउँने कार्यमा सरकार, शिक्षा कार्यालय, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, स्रोतव्यक्ति बीच समन्वय गरेर कार्य गर्नुपर्ने कुरालाई अभिप्रेरित गर्दछ ।

समाहित शिक्षा सूचना सामग्री (२०६८) ले उल्लेख गरे अनुसार आधारभूत तहको शिक्षा पाउनु सबै बालबालिकाको अधिकार हो । नेपाल सरकार सबै बालबालिकालाई यस तहको शिक्षा उपलब्ध गराउन प्रयासरत छ । नेपाल जस्तो विविधता भएको मुलुकमा समाहित पद्धतिबाट मात्र सबै नेपाली बालबालिकालाई आधारभूत शिक्षा उपलब्ध गराउन सम्भव भएकाले विद्यालय शिक्षामा यो पद्धति अंगिकार गरिएको कुरा उल्लेख गरिएको छ । समाहित शिक्षा पद्धतिका लागि सबै बालबालिकालाई विद्यालयको सहज पहुँच र विद्यालयभित्र उनीहरू सबैलाई समेट्ने बालमैत्री वातावरण पनि हुन आवश्यक छ । सरोकारवाला विशेषतः शिक्षक वर्गमा समाहित शिक्षा र बालमैत्री विद्यालयका बारेमा जानकारी गराउने प्रमुख उद्देश्यबाट यो "समाहित शिक्षा सूचना सामग्री तयार गरेको पाइयो ।

यो सामग्री दुई भागमा प्रस्तुत गरिएको छ । पहिलो भागमा समाहित शिक्षाको परिचय र यसका विविध पक्ष तथा दोस्रो भागमा अपाङ्गता भएका बालबालिकाका लागि समाहित शिक्षा सम्बन्धी सामग्री समेट्ने प्रयास गरेको पाइयो ।

श्री अरुणकुमार तिवारी, श्री जयप्रसाद लम्साल, श्री गणेश पौडेलबाट लेखन कार्य गरी तयार गरिएको यो सामग्री सीमान्तकृत बालबालिकाको भर्ना र शैक्षिक उपलब्धि वृद्धि गर्ने पक्षमा सान्दर्भिक भएको पाइयो ।

यो समाहित सूचना सामग्री २०६८ को अध्ययनबाट सीमान्तकृत बालबालिकाको विद्यालय छोड्ने डर कम गर्न र सिकाइ कार्यलाई सहज बनाउन बालमैत्री वातावरण सिर्जना गर्न प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक एवम् विद्यार्थीहरूलाई अभिप्रेरित गर्ने सुझावहरू निर्धारण गर्न मद्दत मिल्छ ।

विद्यालय सुधार योजना कार्यान्वयन निर्देशिका (२०६०)मा उल्लेख भए अनुसार योजना निर्माण तथा परिमार्जन गर्ने सीप तथा क्षमताको विकास गर्ने प्राथमिक शिक्षाको गुणस्तर वृद्धि गर्ने, स्रोतहरूको बाँडफाँड र वितरणमा पारदर्शिता अपनाउने सरोकारवालाहरूलाई जिम्मेवारी प्रदान गर्ने तथा सबैका लागि शिक्षा प्रदान गर्ने जस्ता उद्देश्यहरू राखिएका छन् । शिक्षा प्राप्त गर्नु मौलिक हक तथा मानव अधिकारको विषय हो । सबैका लागि शिक्षा प्रदान गर्नु राज्यको अनिवार्य दायित्व भित्र पर्दछ । त्यसैले मानव अधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ ले शिक्षा सबैले पाउनुपर्छ भनी व्याख्या गऱ्यो । सन् १९९० को जोमटिन सम्मेलनले विश्वव्यापी रुपमा सबैका लागि शिक्षा भन्ने अभियानको शुरुवात गऱ्यो । नेपालले पनि उक्त घोषणा पत्रमा हस्ताक्षर गरेको छ । तसर्थ छात्रवृत्ति वितरण, आर्थिक अनुदान, भौतिक सुधार जस्ता कार्यक्रमहरू सञ्चालन गरेर सबैका लागि शिक्षामा पहुँच बढाउन उल्लेख्य योगदान पुऱ्याएको छ । (शैक्षिक प्रवर्द्धन केन्द्र, सेडिम, नेपाल)

यो निर्देशिकाको अध्ययबाट शोधकार्यमा सम्बद्ध पक्ष र तहमा छात्रवृत्ति वितरण, आर्थिक अनुदान, भौतिक सुझाव जस्ता कार्यक्रमहरू सञ्चालन गरेर सबैका लागि शिक्षामा पहुँच बढाउन सकिने कुराको सुझाव दिन सहयोग पुग्छ ।

खनाल(२०६८) ले भौतिक व्यवस्थापनले विद्यार्थी भर्नामा पारेको प्रभाव नामक शीर्षकमा गर्नु भएको शोधकार्यमा सामुदायिक विद्यालयहरूको भौतिक पक्षको उचित व्यवस्थापन गर्न सके विद्यार्थी भर्नामा उल्लेख्य वृद्धि हुने कुराको विश्लेषण गर्नु भएको छ । अध्ययनको उद्देश्य पूरा गर्न झापा जिल्लाको बाहुण्डाँगी स्रोतकेन्द्र भित्रका सामुदायिक विद्यालयहरूलाई अध्ययनको जनसङख्या बनाई विद्यालयको सेवा क्षेत्रको जनसंख्या र विद्यार्थीले पार गर्नु पर्ने दुरीलाई मध्यनजर गर्दै नमूना छनोट विधि प्रयोग गरेर निम्न माध्यमिक तथा उच्च माध्यमिक विद्यालय वीच तुलनात्मक अध्ययन गर्नु भएको छ । विद्यालयको भौतिक व्यवस्थापन प्रभावकारी भएको विद्यालयमा विद्यार्थीमा वृद्धि भएको र कमजोर भौतिक व्यवस्थापन भएको विद्यालयमा विद्यार्थी भर्ना न्यून रहेको कुरा अध्ययनले देखाएको छ । अध्ययनको कममा विद्यालयको भौतिक विकासका लागि सरकारी अनुदान प्रयाप्त नहुनु, सन्तुलित रुपले भौतिक विकास गर्ने स्पष्ट नीति नहुनु, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकमा व्यवस्थापकीय सीपको अभाव हुनु, भौतिक निर्माणमा आर्थिक पारदर्शिता नहुनु, विद्यमान भौतिक पूर्वाधारहरूको

उचित प्रयोग र संरक्षण नहुनु जस्ता समस्याहरू पहिचान गर्नुका साथै उक्त समस्याहरू समाधानका लागि भौतिक व्यवस्थापन तर्फ भवन, कक्षाकोठाको अतिरिक्त शैक्षिक सामग्री, पुस्तकालय, प्रयोगशाला र कम्प्युटर जस्ता भौतिक पक्षहरू समावेश भएको एक कार्यक्रम निर्माण गर्नुपर्ने र त्यसलाई कार्यान्वयनका लागि थप सरकारी अनुदान उपलब्ध गराउनुको साथै त्यसको उचित प्रयोग र संरक्षणमा शिक्षक, अभिभावक र विद्यार्थीहरूको उल्लेख्य भूमिका रहनु पर्ने जस्ता सुझावहरू दिइएको छ ।

खनालको भौतिक व्यवस्थापनले विद्यार्थी भर्नामा पारेको प्रभाव शीर्षकको शोधपत्रको अध्ययनले भौतिक व्यवस्थापनले विद्यार्थी भर्नामा उल्लेख्य प्रभाव पार्नेछ भन्ने कुरा सुझावको रुपमा ग्रहण गर्न सहयोग पुगेको छ ।

थापा (२०६८) ले 'सामुदायिक प्राथमिक विद्यालयको आर्थिक स्रोत व्यवस्थापनमा सरकारी र गैरसरकारी क्षेत्रको सहभागिता' शीर्षकमा यो अध्ययन गरिएको छ । शोधपत्रको मूख्य उद्देश्य सामुदायिक प्राथमिक विद्यालयको आर्थिक स्रोत व्यवस्थापनमा भएको सरकारी र गैरसरकारी क्षेत्रको सहभागिताको स्थिति विश्लेषण गर्ने रहेको छ । अध्ययनको उद्देश्य पूरा गर्न झापा जिल्लाको सतासी धाम गाउँ विकास समिति अन्तर्गतका १४ वटा सामुदायिक प्राथमिक विद्यालयहरू मध्ये उद्देश्यपूर्ण नमूना छनोटका आधारमा ५ वटा विद्यालयहरू छनोट गरी परिमाणात्मक, गुणात्मक तथा वर्णनात्मक ढाँचामा अवलोकन प्रश्नावली, अन्तर्वार्ता, अनुसूची अनुसन्धानका साधनहरू प्रयोग गरी यो शोधपत्र तयार गरिएको पाइयो ।

नमूना छनोटमा परेका प्राथमिक विद्यालयहरूमा सरकारी र गैरसरकारी गरी दुबै क्षेत्रबाट आर्थिक स्रोत संकलन हुने गरेको साथै अध्ययनको अवधि र क्षेत्र भित्रका विद्यालयहरूको कूल आम्दानीमा सरकारी क्षेत्रबाट वढी र गैरसरकारी क्षेत्रबाट कम सहभागिता जनाउँदै आएको कुरा उल्लेख भएको पाइयो (विद्यालयको आर्थिक अभिलेख) । सरकारी लगानीको अंश गैरसरकारी लगानीको तुलनामा निक्कै नै वढी रहेको कुरा उल्लेख छ । विभिन्न शीर्षकहरूमा प्राप्त हुने सरकारी तथा गैरसरकारी आर्थिक स्रोतहरूलाई शिक्षकको तलव भत्ता, भौतिक निर्माण तथा मर्मत, छात्रबृत्ति, पाठ्यपुस्तक, शैक्षिक एवं प्रशासनिक खर्च र अन्य शीर्षकमा खर्च हुने गरेको कुरा उल्लेख गरिएको पाइयो । विद्यालय व्यवस्थापनसँग सम्बद्ध पक्षहरू प्रधानाध्यापक,

शिक्षक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरू समेतले विद्यालयको आर्थिक स्रोतको मेरुदण्डको रुपमा सरकारलाई लिने गरेको र सरकारी लगानीको अंश अझ बढाउनु पर्ने कुरा सिफारिस गरिएको पाइयो । प्राथमिक विद्यालयमा गरिने लगानी सूत्रमा आधारित रहेको भनिए तापनि सूत्र प्रष्ट पारिएको छैन् । निष्कर्षमा सामुदायिक विद्यालयको लगानीको दायित्व सरकार स्वयंले लिनु पर्ने र स्थानीय समुदाय र सरोकारवालाहरूमा विद्यालयप्रति अपनत्वको भावना जगाउँदै 'निजी सार्बजनिक साझेदारी' ढाँचाको आर्थिक लगानीको वातावरण सिर्जना गर्ने तर्फ ध्यान दिन आवश्यक भएको कुरा उल्लेख छ ।

यो शोधपत्रको अध्ययनले सामुदायिक विद्यालयको लगानीको दायित्व सरकारले लिनु पर्ने र स्थानीय समुदाय र सरोकारवालाहरूमा विद्यालयप्रति अपनत्वको भावना जगाउँदै निजी सार्वजनिक ढाँचाको आर्थिक लगानीको वातावरण सिर्जना गर्न सुझाव प्रस्तुत गर्न सहयोग पुगेको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

विद्यालय एक सेवा प्रदायक संस्था हो । विद्यालयले भैतिक वस्तुको उत्पादन नगर्ने भए तापनि दक्ष जनशक्ति भने उत्पादन गर्ने गर्दछ । हुन त औद्योगिक वस्तु उत्पादन गर्ने संस्थाहरूको विकासक्रमबाट व्यवस्थापन सिद्धान्तको जन्म भएको पाइन्छ तर विद्यालय व्यवस्थापन पनि उद्योग व्यवस्थापन सिद्धान्तको पद्धतिबाट अलग नरहने कुरालाई मनन गरी निम्न सिद्धान्तको आधारमा यो शोधकार्य पूरा गरिएको छ ।

### २.२.१ चेस्टर आई बर्नाड

चेस्टर आई बर्नाडको व्यवहारवादी सिद्धान्त अमेरिकामा सन् १८६६ मा जन्मेका वर्नाडले प्रतिपादन गरेका थिए । यस सिद्धान्तले सङ्गठनको उद्देश्य पूरा गर्नका लागि सङ्गठनमा प्रभावकारिता र कार्यदक्षता दुबै हुनुपर्ने कुरामा जोड दिएको छ ।

चेस्टर (१८८६-१९६१) को व्यवस्थापनको व्यवहारवादी सिद्धान्त अनुसार सङ्गठनलाई एउटा सामाजिक अंगको रुपमा मानेर सामाजिक वातावरण, समुह र संस्थाको संचालन र समन्वय गर्ने जस्ता पक्षहरूलाई प्रमुखता दिएको छ । उनका अनुसार संस्थाको साझा लक्ष्य र उद्देश्य पूरा गर्न मानवीय शक्तिलाई समन्वय र एकीकृत गर्ने, सञ्चार गर्ने, मानव तथा भौतिक संशाधनको परिचालन गर्नुपर्ने जस्ता

कुराहरूमा जोड दिन्छन् । त्यसैले व्यवस्थापनलाई व्यवहारिक विज्ञानको रुपमा लिएका छन् । (श्रेष्ठ, २०६१ मा उद्धत)

सरकारको सवैलाई शिक्षा दिने लक्ष्य अनुसार कार्य गर्ने सवै जातजाति तह र तप्काका मानिसलाई शिक्षा आर्जनमा प्रेरणा जगाउन जरुरी हुन्छ त्यस्तै गरी विपन्न, पिछडा, दलित तथा सिमान्तकृत वर्गका मानिसलाई शिक्षा आर्जन गर्ने चाहना पनि छ तर आर्थिक अवस्था कमजोर भएको कारण उनीहरू शिक्षावाट वन्चित छन् तसर्थ यी दुवै कुरालाई समेटेर प्रभावकारी ढंगबाट कार्यक्रम अगाडि वढाउन वर्नाडका अनुसार एक्लैले हांसिल गर्न नसकेका लक्ष्य र उद्देश्य हासिल गर्न नै व्यक्तिहरू सङ्गठनमा आवद्ध हुने हुनाले सङ्गठनात्मक लक्ष्य लिई काम गर्ने व्यक्तिहरूको व्यक्तिगत लक्ष्यसँग सन्तुलन गर्न सकेमा मात्र सङ्गठन कुशलतासाथ चल्न सक्ने भएकाले सरकारले लिएको सबैलाई शिक्षा प्रदान गर्ने नीतिलाई सफल पार्न ती सीमान्तकृत वर्गमा चेतना फैलाएर, छात्रवृत्ति प्रदान गरेर र रोजगारको लागि सुलभ बाटाहरू देखाएर र प्रदान गरेर उनीहरूका बालबच्चालाई शिक्षा प्रदान गर्न विद्यालयमा भर्ना गर्ने वातावरण सिर्जना गर्न सकिन्छ ।

### २.२.२ **टेलर**

टेलर (१९११) को वैज्ञानिक व्यवस्थापन सिद्धान्त अनुसार वैज्ञानिक ढंगबाट काम हुने गरी व्यवस्थापक र कामदारबीच राम्रो सम्बन्ध, आत्मीय र सहयोगी वातावरण सिर्जना हुनुपर्ने वैज्ञानिक ढंगले कामदारहरूको छनोट गर्नु पर्ने, तालिम र ज्याला समय सान्दर्भिक हुनु पर्ने कुरा उल्लेख गरेका छन् । उत्प्रेरणा बृद्धि गरेर दक्षता र द्रुतता साथ सीमित कामदारबाट बढी भन्दा बढी काम गराउन सकिने कुरा उल्लेख छ ।

सरकार सबैका लागि शिक्षा प्रदान गर्न, देशको साक्षरता प्रतिशत उच्च राख्न र देशलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न कटिबद्ध रहेको अवस्था एकातिर छ भने अर्को तिर गरीबीको कारण हातमुख जोड्न समेत धौधौ परिरहेको अवस्थामा आफ्ना वालवच्चालाई शिक्षा दिन असमर्थ भएका जनताहरू निरीह भई बाँचिरहेछन् । छोराछोरीलाई पढाउने, शिक्षा दिने कुरालाई त्याग्न वाध्य छन् । यो अवस्थामा टेलरको सिद्धान्त अनुसार सरकारले त्यस्ता वर्गलाई शिक्षा आर्जनमा उत्प्रेरणा जगाउन वैज्ञानिक ढंगले छात्रवृत्ति वितरण गरेर आर्थिक अवस्था माथि

उठाउन कार्यक्रमहरू ल्याएर सरकार र सीमान्तकृत जनता वीच राम्रो सम्बन्ध र आत्मियता एवं सहयोगी वातावरण सिर्जना हुन सके राज्यले लिएको लक्ष्य द्रुत गतिमा प्राप्त हुने र सबैले शिक्षा आर्जन गर्ने अवस्था श्रृजना हुने देखिन्छ ।

### २.२.३ मास्लोको अभिप्रेरणाको सिद्धान्त

अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लोले सन् १९४३ मा प्रतिपादन गरेको यस सिद्धान्त अनुसार मानिसका आवश्यकता इच्छा र चाहाना पूरा हुने वित्तिकै अरु थप हुँदै जान्छन् तसर्थ यी आवश्यकताहरू पूरा गर्न मानिस लागिरहन्छ भन्ने धारणा व्यक्त गरेका छन् । यस सिद्धान्त अनुसार आधारभूत आवश्यकता, सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वाभिमानको आवश्यकता र आत्म सन्तुष्टिको आवश्यकताहरू हुन्छन् । मानिसहरू आफ्ना आवश्यकताहरूलाई प्राथमिकताका आधारमा एक पछि अर्को गरी पूरा गर्दै जान्छन् भन्ने कुरा उल्लेख गरिएको छ । आफ्ना सन्तानलाई शिक्षा प्रदान गर्ने इच्छा र चाहना हुदाँहुदै पनि आर्थिक स्रोतको अभावमा विद्यालयमा पठाउन नसकिरहेको अवस्थामा छात्रवृत्ति कार्यक्रमले उनीहरूलाई सहयोग पुग्ने र लक्षित समुदायले शिक्षा आर्जन गर्न सक्ने अवस्था सिर्जना हुने भएकाले मास्लोको अभिप्रेरणाको सिद्धान्त यो शोधकार्यमा अध्ययनका लागि सान्दर्भिक भएको छ ।

उक्त सिद्धान्तहरू मध्ये चेस्टर आई वर्नाडको व्यवहारवादी सिद्धान्त र मास्लोको अभिप्रेरणाको सिद्धान्त यो अध्ययनमा बढी सान्दर्भिक भएका छन् ।

## २.३ शैक्षिक उपादेयता

यो अध्ययन अनुसन्धानलाई सैद्धान्तिक आधार र सही दिशा प्रदान गर्न यस शोध शीर्षकसँग सम्बन्धित साहित्य र सिद्धान्तहरूको अध्ययन, अवलोकनले ठूलो भूमिका निर्वाह गरेको छ । यस शोध शीर्षक छात्रवृत्ति वितरण कार्यक्रमले सीमान्तकृत विद्यार्थीको शैक्षि उपलब्धिको सम्बन्धमा पारेको प्रभाव पनि ती उल्लेखित व्यवस्थापनको सिद्धान्त तथा अभिप्रेरणाको सिद्धान्तसँग मेल खान जान्छ । यो शोध शीर्षकसँग मेल खाने गरी भए गरेका अनुसन्धानमूलक लेख, रचना, साहित्य र योजनाहरूको अध्ययनले पनि यो अनुसन्धान कार्यलाई थप दिशा निर्देशन प्रदान गरेको छ । यी अध्ययन गरिएको साहित्यहरूको निष्कर्षले सामुदायिक विद्यालयहरूको शिक्षामा सबैको पहुँच बढाउन गरिएको प्रयासहरू, सरकारी नीति, स्रोत परिचालन

प्रक्रिया, छात्रवृत्ति वितरण प्रक्रिया, शैक्षिक उन्नतिको अवस्था र सुधारका प्रयास आदि जानकारीहरू प्राप्त भएका छन् । त्यसैगरी छात्रवृत्ति कार्यक्रमले लक्षित वर्गको शिक्षामा पहुँच वढाउन के कस्तो भूमिका खेलेको छ भन्ने कुराको तथ्यसम्म पुग्न अनुसन्धातालाई शीर्षक छनोट गर्न, औचित्य पुष्टि गर्न, अध्ययनको सीमा निर्धारण गर्न, उद्देश्य निर्धारण गर्न, प्राप्तिको सूत्र निर्माण र निष्कर्ष निर्माण आदि कार्य गर्न उल्लेखित साहित्य समीक्षाले प्रशस्त आधार तयार गरेको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

यस शोधकार्यलाई तथ्यपरक विश्वसनीय र व्यवहारिक बनाउन अध्ययन अनुसन्धानका तपशील अनुसारका निश्चित विधि प्रयोग गरिएका छन् :

## ३.१ अनुसन्धानात्मक ढाँचा

सबैका लागि शिक्षा प्रदान गर्ने उद्देश्यले सरकारले वितरण गर्ने छात्रवृत्ति कार्यक्रमको वर्तमान अवस्था र उक्त कार्यक्रमले सीमान्तकृत बालबालिकाको भर्नामा पारेको प्रभाव अध्ययन गर्न संख्यात्मक तथ्याङ्कहरूको प्रयोग गरी मिश्रित अनुसन्धान ढाँचा प्रयोग गरिन्छ भने छात्रवृत्ति र सीमान्तकृत बालबालिकाको भर्नासँग सम्बन्धित रहेर सरोकारवालाहरूले दिएको राय सुझावहरूको व्याख्या र विश्लेषण गर्न गुणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ। त्यसैले यो शोधकार्य सम्पन्न गर्नलाई गुणात्मक तथा परिमाणात्मक दुवैको मिश्रित अनुसन्धानका ढाँचा प्रयोग गरिएको छ।

## ३.२ जनसंख्या तथा नमूना छनौट

### ३.२.१ जनसंख्या

यस अध्ययनका लागि झापा जिल्लाको काँकरभिट्टा स्रोतकेन्द्र भित्रका दुई सामुदायिक विद्यालयका विद्यार्थीहरू १४५३ जना, बाहुण्डाँगी स्रोत केन्द्रको २ वटा विद्यालयको ११२२ जना र बुधबारे स्रोत केन्द्रको १ वटा विद्यालयको ६५० जना विद्यार्थी गरी जम्मा करिव ३२२५ जना विद्यार्थी, जम्मा शिक्षकहरू १२५ जना, अभिभावकहरू मध्ये १९ जना, प्रधानाध्यापकहरू ५ जना र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू ४९ जना गरी जम्मा ३४२३ जनालाई नै नमूनाको कूल जनसंख्याको रुपमा लिइएको छ।

उक्त जनसंख्याको तथ्याङ्कलाई निम्न अनुसारमा तालिकामा प्रस्तुत गरिएको छ :

| क्र.सं. | विवरण | जनसंख्या | छनौटविधि | सङ्कलन स्रोत |
|---|---|---|---|---|
| १ | विद्यार्थी | ३,२२५ | उद्देश्यात्मक | विद्यालय अभिलेख |
| २ | प्रधानाध्यापक | ५ | उद्देश्यात्मक | विद्यालय अभिलेख |
| ३ | शिक्षक | १० | उद्देश्यात्मक | विद्यालय अभिलेख |
| ४ | वि.व्य.स अध्यक्ष | ५ | उद्देश्यात्मक | विद्यालय अभिलेख |
| ५ | अभिभावक | १९ | उद्देश्यात्मक | सोधपुछ |

### ३.२.२ नमूनाको आकार

झापा जिल्लाको काँकरभिट्टा स्रोतकेन्द्र भित्र संचालनमा रहेका २३ वटा सामुदायिक विद्यालयहरू मध्येबाट २ वटा सामुदायिक विद्यालयहरूलाई मात्र र बाहुण्डाँगी स्रोतकेन्द्रको १३ वटा विद्यालय मध्ये २ वटा र बुधबारे स्रोतकेन्द्रको १ वटा विद्यालय गरी जम्मा ५ वटा सामुदायिक विद्यालय मात्र अध्ययनको लागि नमूना छनोट गरिएको छ । उक्त ५ वटै विद्यालयका प्रधानाध्यापकहरू ५ जना, १० जना शिक्षक, २० जना विद्यार्थी, ५ जना विद्यालय व्यवस्थापन समिति अध्यक्षहरू, १६ जना ती विद्यालयका अभिभावकहरू तथा निजी विद्यालयमा आफ्ना बालबालिकाहरूलाई पढाउने अभिभावकहरू ३ जना गरी जम्मा ५९ जना अध्ययनको नमूनाको रुपमा रहेका छन् ।

### ३.२.३ नमूना छनोट विधि

तथ्याङ्कहरू वैध, विश्वासनीय र तथ्यपरक होस भन्ने हेतु अध्ययनको उद्देश्य एवं अध्ययनकर्ताको अनुकुलता अनुसार उपरोक्त नमूनाहरू उद्देश्यात्मक नमूना छनोट विधि प्रयोग गरेर छनोट गरिएको छ ।

## ३.३ अध्ययनका साधनहरू

**(क) अन्तर्वार्ता**

यो अध्ययन कार्य सम्पन्न एवं निजी विद्यालयमा छोराछोरी पढाउने अभिभावकहरूसँग, विद्यार्थीहरू र अभिभावकहरूसँग अन्तर्वार्ता प्रक्रिया प्रयोग गरी प्राथमिक तथ्याङ्कहरू र सुझावहरू संकलन गरिएको छ ।

**(ख) प्रश्नावली**

आवश्यक तथ्याङ्कहरू संकलन गर्ने उद्देश्यले नमूना छनोटमा परेका विद्यालयहरूका प्रधानाध्यापकहरू, शिक्षकहरूलाई र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूलाई, विद्यार्थीहरूलाई र अभिभावकहरूलाई वहुवैकल्पिक एवं खुला प्रश्नावली आवश्यकता अनुसार प्रयोग गरी लिखित प्रतिक्रिया र धारणा प्राप्त गरिएको छ ।

**(ग) अवलोकन फारम**

अध्ययनको नमूना छनोटमा परेका विद्यालयहरूको वर्तमान मौजुदा छात्रवृत्ति वितरणको अवस्थाको जानकारी प्राप्त गर्न यो अवलोकन फारमको प्रयोग गरिएको छ

**घ) अभिलेख अध्ययन**

विद्यालयमा छात्रवृत्तिमा गरिएको लगानीको विवरण, विद्यार्थीको औसत सिकाइ उपलब्धि तथा विद्यार्थी भर्ना जस्ता द्वितीय तथ्याङ्कहरू प्राप्त गर्न विद्यालयको अभिलेख प्रयोग गरी अध्ययन कार्य अघि बढाइएको छ ।

**(ङ) समूह छलफल**

छनोट गरिएको नमूना जनसंख्याका विभिन्न वर्गका मानिसहरूसँग समूहमा छात्रवृत्तिले विद्यार्थी भर्ना दरमा पार्ने प्रभाव र आवश्यकताको बारेमा छलफल गरेर जानकारी संकलन गर्ने कार्य अघि बढाइएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरू

यस अध्ययनमा आवश्यक पर्ने तथ्याङ्कहरू दुईवटा स्रोतहरू प्राथमिक स्रोत र द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

यस प्राथमिक स्रोत अन्तर्गत अन्तर्वार्ता, प्रश्नावली, अवलोकन फारम र सर्वेक्षण फारमको प्रयोग गरेर तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

तथ्याङ्कको द्वितीय स्रोतको रुपमा विद्यालय र स्रोतकेन्द्रको अभिलेखबाट तथ्याङ्कको सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

सीमित स्रोत र साधनको प्रयोगद्वारा निश्चित समय सीमा भित्र अध्ययन सम्पन्न गर्नुपर्ने र अध्ययनमा समावेश गरिने जनसंख्या भरपर्दो तथ्याङ्क उपलब्ध गराउन सकोस् भन्ने अभिप्राय लिइ तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क सङ्कलनको यस क्रममा नमूना छनौटमा परेका विद्यालयहरूमा गएर विद्यालयले राखेका अभिलेखहरू हेरेर आवश्यक तथ्याङ्कहरू सङ्कलन गरिएको छ । त्यस विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, सदस्यहरू र अभिभावकहरूसँग अनुसूचीमा उल्लेख गरिएका प्रश्नहरू सोधेर, जवाफहरू लेख्न लगाएर र आपसमा बसेर समूह छलफल गरेर अध्ययन कार्य सम्पन्न गर्न आवश्यक पर्ने तथ्याङ्कहरू सङ्कलन गर्ने कार्य सम्पन्न गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया

अन्तर्वार्ता, प्रश्नावली, प्रत्यक्ष अवलोकन र विद्यालयको अभिलेखबाट प्राप्त गरिने तथ्याङ्कहरूलाई तालिकीकरण गरी तथ्याङ्क शास्त्रीय विधि अन्तरगर्त प्रतिशत, पाईचार्ट र स्तम्भ चित्रमा व्यक्त गरेर गुणात्मक र मिश्रित तरिकाले विश्लेषण गरिएको छ । छात्रवृत्तिको उपलब्धता एवं विद्यार्थी भर्ना जस्ता पक्षहरूको तथ्याङ्क विश्लेषण गर्न संख्यात्मक अनुसन्धान ढाँचा अपनाइने छ । गुणात्मक तथ्याङ्क विश्लेषण गर्न वर्णनात्मक र व्याख्यात्मक प्रक्रिया अपनाइने भएकाले गुणात्मक अनुसन्धान ढाँचामा समेत अनुसन्धान कार्य गरिएको छ । प्रत्येक विद्यालयका करीव तीन/चार वर्ष पहिले देखिएका तथ्याङ्कहरू संकलन गरेर प्रतिशत, पाई चार्ट, स्तम्भ चित्र र तालिकाहरूमा समेत चित्रण गरेर ती तथ्याङ्कहरूबीच तुलनात्मक अध्ययन गर्ने, व्याख्या गर्ने र विश्लेषण गर्ने कार्य गरिएको छ ।

# परिच्छेद चार : नतिजाको छलफल र व्याख्या

यस परिच्छेदमा छात्रवृत्ति कार्यक्रमसँग शैक्षिक उपलब्धिको सम्बन्ध शीर्षक अन्तर्गत नतिजाको छलफल र व्याख्या गर्ने क्रममा विद्यालय अभिलेख र सम्बन्ध पक्ष र व्यक्तिहरूसँगको प्रत्यक्ष भेटघाट र सोधपुछबाट प्राप्त जानकारी अनुसार विद्यालयमा अध्ययन गर्ने विभिन्न वर्ग र जातजातिका विद्यार्थीहरू मध्ये दलित, अपाङ्ग र सीमान्तकृत र बालिकाहरूलाई छात्रवृत्ति वितरणका कार्यक्रमहरू रहेको पाइयो । यो अध्ययन सीमान्तकृत विद्यार्थीमा केन्द्रित रहेको छ । यस क्रममा नमूना छनौटमा परेका विद्यालयहरूको प्रभाव क्षेत्रभित्र विद्यालय जाने उमेरका विद्यार्थीहरूको वास्तविक संख्या उपलब्ध हुन नसके तापनि करिब ९०% सीमान्तकृत बालबालिका विद्यालय जाने १०% बालबालिका अझै पनि विद्यालय जानबाट बञ्चित रहेको अवस्था सरोकारवाला, शिक्षक, अभिभावकहरूसँगको छलफलबाट थाहाहुन आएको छ । विद्यालय जाने उमेरका सम्पूर्ण बालबालिकालाई विद्यालयमा ल्याउन नमूना छनौटमा परेका विद्यालयहरूले छात्रवृत्ति वितरण, घरदैलो कार्यक्रम एवम् बालविकासका कक्षामा अध्ययन गर्ने विद्यार्थीहरूलाई दिवाखाजाको समेत व्यवस्था मिलाइएको पाइयो । सीमान्तकृत विद्यार्थीहरूको शैक्षिक उपलब्धिको बारेमा छलफल गर्दा छात्रवृत्ति वितरणले विद्यार्थीको विद्यालयमा सहभागिता बढेको, कक्षामा उपस्थितिको नियमितता बढेको, गृहकार्य गर्ने बानीको विकास भएको, कक्षा छोड्ने प्रवृत्तिमा कमी आएको र समग्रमा छात्रवृत्ति वितरण कार्यक्रम लागु हुनु भन्दा पहिलेको तुलनामा अहिलेको शैक्षिक उपलब्धिमा क्रमिक रुपले सुधार हुँदै गएको कुरा जानकारी भएको छ । यी कुराहरूको बारेमा प्राप्त तथ्याङ्कहरूको नतिजाको छलफल र व्याख्या गर्ने क्रममा विभिन्न शीर्षकहरू अन्तर्गत तथ्याङ्कहरूको प्रस्तुतिकरण र विश्लेषण गरिएको छ । ति शीर्षकहरू सीमान्तकृत विद्यार्थीलाई वितरण गरिएको छात्रवृत्तिको अवस्था, सीमान्तकृत विद्यार्थीलाई वितरण गरिने छात्रवृत्ति तथा सीमान्तकृत विद्यार्थी भर्नाको अवस्था, सीमान्तकृतलाई वितरण गरिएको छात्रवृत्ति र औसत सिकाइ उपलब्धि, छात्रवृत्ति वितरणमा देखिएका चुनौतिहरू र छात्रवृत्ति वितरणमा देखिएका समस्याहरू/चुनौतिलाई समाधान गर्ने उपायहरू रहेका छन् ।

यी माथि उल्लेखित शीर्षकहरू अन्तर्गत यस अध्ययनमा प्राप्त जानकारी र तथ्याङ्कहरूलाई तालिका, स्तम्भचित्र तथा वृत्त चित्रमा निम्न अनुसार प्रस्तुति, व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ सीमान्तकृत विद्यार्थीलाई वितरण गरिएको छात्रवृत्तिको अवस्था

सवैको लागि शिक्षा भन्ने अन्तराष्ट्रिय प्रतिवद्धतालाई नेपालले पनि आत्मसाथ गर्दै सबै बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गराउनु पर्ने मान्यताको विकास गर्दै लगेको छ । विद्यालयहरूले शैक्षिक सत्रको शुरुमा भर्ना अभियान चलाएर, निशुल्क शिक्षा घोषणा गरेर, निशुल्क पाठ्यपुस्तक आदिको व्यवस्था साथै छात्रवृत्ति समेतको व्यवस्था गरेर विद्यालय जाने उमेरका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना भई शिक्षा आर्जन गर्ने अवसर प्रदान गरेको छ । यसै सन्दर्भमा अति पिछडा र सीमान्तकृत एवं दलित बालबालिकाहरूलाई छुट्टै रुपमा छात्रवृत्ति समेतको व्यवस्था गरेको छ । यस अध्ययनमा छनोटमा परेका विद्यालयहरूलाई सीमान्तकृत बालबालिकाहरूका लागि छात्रवृत्ति वितरण गर्न वार्षिक रुपमा प्राप्त निकासा रकम यस प्रकार रहेको छ ।

तालिका १: नमूना छनोटमा परेका विद्यालय र सीमान्कृत विद्यार्थीलाई छात्रवृत्ति प्राप्त निकासा

| **विद्यालयको नाम** | **२०६९ साल** | **२०७० साल** | **२०७१ साल** |
|---|---|---|---|
| श्री काँकरभिट्टा उ.मा.वि. | ५७४५० | ६२००० | ६७७०० |
| श्री सरस्वती प्रा.वि. | १४२१० | १७५०० | १९००० |
| श्री नवज्योति नि.मा.वि | ३५७६० | ८१७८६ | ७८६३९ |
| श्री भानु उ.मा.वि | ३८५०० | ४२३०० | ४५००० |
| श्री वलभद्र जनता उ.मा.वि | ६९२०० | ८६५०० | ८८९०० |

*स्रोत: विद्यालय अभिलेख*

माथिको तालिका १ मा यस अध्ययनका लागि छनोट गरिएको छ वटा विद्यालयहरू र ती विद्यालयहरूमा अध्ययनरत सीमान्तकृत बालबालिकालाई छात्रवृत्ति वितरण गर्नका लागि निकासा प्राप्त भएको रकमलाई हजारमा व्यक्त तथ्याङ्कलाई हेर्दा नवज्योति निम्न माध्यमिक विद्यालयमा २०७० सालको भन्दा २०७१ मा गरिएको

निकासा कम देखिन्छ तर बाँकी सबै विद्यालयहरूमा प्रत्येक बर्ष निकासा रकम बढाउँदै लगिएको कुरा प्रष्ट हुन्छ ।

## ४.२ सीमान्तकृत विद्यार्थीलाई वितरण गरिने छात्रवृत्ति तथा सीमान्तकृत विद्यार्थी भर्नाको अवस्था

तालिका २ : सीमान्तकृत बालबालिकालाई वितरण गरिएको छात्रवृत्ति र सीमान्तकृत विद्यार्थी भर्नाको अवस्था

| विद्यालयको नाम | २०६९ | | २०७० | | २०७१ | |
|---|---|---|---|---|---|---|
| | छात्रवृत्ति रकम | विद्यार्थी भर्ना | छात्रवृत्ति रकम | विद्यार्थी भर्ना | छात्रवृत्ति रकम | विद्यार्थी भर्ना |
| श्री काँकरभिटा उ.मा.वि. | ५७.४ | ५८ | ६२ | ८० | ६७.७ | ११ |
| श्री सरस्वती प्रा. वि. | १४.२ | २४ | १७.५ | १९ | १९ | १५ |
| श्री नवज्योति नि.मा.वि. | ३५.५ | ३९ | ८१.७ | ४० | ७८.६ | ३३ |
| श्री भानु उ.मा.विद्यालय | ३८.५ | ४३ | ४२.५ | ३७ | ४५ | ३८ |
| श्री वलभद्र जनता उ.मा वि. | ६९.२ | १६८ | ८६.५ | १०४ | ८८.९ | ९० |

*स्रोत : विद्यालय अभिलेख*

तालिका २ मा प्रस्तुत तथ्याङ्कलाई तुलनात्मक रुपमा अध्ययन गर्दा काँकरभिट्टा उच्च माध्यमिक विद्यालयमा तीन वर्ष २०६९, २०७० र २०७१ सालको विद्यार्थी भर्ना संख्या क्रमश ५८, ८० र ११ रहेको छ पहिलो वर्ष भन्दा दोस्रो वर्षमा विद्यार्थी भर्ना संख्या वढी छ भने तेस्रो वर्षमा विद्यार्थी भर्ना संख्या घटेको छ तर छात्रवृत्ति निकासा रकम भने प्रत्येक साल क्रमश वढाउँदै लगिएको छ । सरस्वती प्रा.वि. को सीमान्तकृत विद्यार्थी भर्ना क्रमशः २४, १९ र १५ देखिन्छ । यसरी हेर्दा छात्रवृत्ति निकासा वढाउदैं गएको तर विद्यार्थी भर्ना संख्या भने प्रत्येक वर्ष घट्दै गएको देखिन्छ । नवज्योती निम्न माध्यमिक विद्यालयको सीमान्तकृत विद्यार्थी भर्ना संख्या क्रमश ३९,४० र ३३ रहेको छ । यस विद्यालयको सीमान्तकृत छात्रवृत्ति निकासा दोस्रो वर्षमा बढाएर दिएको तर तेस्रो वर्षमा घटाएर निकासा भएको देखियो । भानु उच्च माध्यमिक विद्यालयको सन्दर्भमा भने २०६९ मा सीमान्तकृत विद्यार्थी भर्ना ४३ रहेको थियो र त्यस पछि २०७० मा ३७ र २०७१ सालमा ३८ जना भर्ना भएको देखिन्छ । त्यसैगरी वलभद्र जनता उच्च माध्यमिक विद्यालयमा १६८, १०४ र ९० जना क्रमशः तीन सालमा सीमान्तकृत विद्यार्थी भर्ना भएको देखिन्छ ।

यो तालिका अध्ययन गर्दा २०६९ सालको सीमान्तकृत विद्यार्थी भर्ना संख्या भन्दा २०७० सालको भर्ना संख्या दुईवटा विद्यालयहरूमा क्रमशः काँकरभिट्टा उच्च

माध्यमिक विद्यालय, नवज्योति निम्न माध्यमिक विद्यालय मात्र वढि देखियो भने २०७१ सालको सीमान्तकृत विद्यार्थी भर्ना संख्या भानु माध्यमिक विद्यालयमा मात्र अघिल्लो वर्षको संख्या भन्दा वढी देखिएको छ अन्य सबै विद्यालयहरूमा भर्ना संख्या कम छ । सामुदायिक विद्यालयहरूमा प्रत्येक वर्ष विद्यार्थी भर्ना संख्या घट्दै गइ रहेको हुनाले त्यसको असर सीमान्तकृत बालबालिका भर्नामा पनि परेको देखियो ।


तालिका ३ : कुल विद्यार्थी भर्ना र सीमान्तकृत विद्यार्थी भर्ना प्रतिशत

| विद्यालय | २०६९ | | | २०७० | | | २०७१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुल विद्यार्थी भर्ना | सीमान्तकृत विद्यार्थी भर्ना | सीमान्तकृत भर्ना % | कुल विद्यार्थी भर्ना | सीमान्तकृत विद्यार्थी भर्ना | सीमान्तकृत भर्ना % | कुल विद्यार्थी भर्ना | सीमान्तकृत विद्यार्थी भर्ना | सीमान्तकृत भर्ना % |
| श्री काँकरभिट्टा मा.वि. | १७० | ५८ | ३४.७ | १६५ | ८० | ४८.४८ | १०७ | ११ | १०.२८ |
| श्री सरस्वती प्रा.वि. | ८१ | २४ | २९.६ | ६९ | १९ | २७.५ | ४२ | १५ | ३५.७ |
| श्री नवज्योति नि.मा.वि. | ७३ | ३९ | ५३.४२ | ५९ | ४० | ६७.९९ | ५१ | ३३ | ६४.७० |
| श्री भानु उ.मा.वि. | १०३ | ४३ | ४१.७४ | ८९ | ३७ | ४१.५७ | ८२ | ३८ | ४६.३४ |
| श्री बलभद्र जनता उ.मा.वि. | १९० | १६८ | ७८.४२ | १५९ | १०४ | ६५.४० | १३१ | ९० | ६८.७० |

*स्रोत : विद्यालय अभिलेख*

नमूना छनौटमा परेका विद्यालयहरूमा विद्यार्थी भर्ना संख्या घट्दै गएको भए तापनि कुल विद्यार्थी भर्ना र सीमान्तकृत भर्ना संख्या तुलना गरेर सीमान्तकृत विद्यार्थीको संख्या प्रतिशतमा निकालिएको हो । यसरी प्रतिशतांकलाई हेर्ने हो भने एक दुई विद्यालय वाहेक प्रति साल प्रतिशतांक बढेको छ । मास्लोको अभिप्रेरणाको सिद्धान्त अनुसार मानिसका आवश्यकता इच्छा र चाहना पूरा हुने वित्तिकै अरु थप हुँदै जान्छ तसर्थ यी आवश्यकताहरू पूरा गर्न मानिस लागिरहन्छ भन्ने धारण व्यक्त गरेका छन् । यस सिद्धान्त अनुसार आधारभूत आवश्यकता, सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वाभिमानको आवश्यकता र आत्म सन्तुष्टिको आवश्यकताहरू हुन्छन् । मानिसहरू आफ्ना आवश्यकताहरूलाई प्राथमिकताका आधारमा एकपछि अर्को गरी पूरा गर्दै जान्छन् भन्ने कुरा उल्लेख गरिएको छ । आफ्ना सन्तानलाई शिक्षा प्रदान गर्ने इच्छा र चाहना हुँदाहुँदै पनि आर्थिक स्रोतको अभावमा विद्यालयमा पठाउन नसकिरहेको अवस्थामा छात्रवृत्ति कार्यक्रमले उनीहरूलाई सहयोग पुग्ने र लक्षित समुदायले शिक्षा आर्जन गर्न सक्ने अवस्था सिर्जन हुने भएकाले मास्लोको अभिप्रेरणाको सिद्धान्त यो शोधकार्य अध्ययनमा लागू भएको छ ।

चित्र १ : कुल विद्यार्थी भर्ना र सीमान्तकृत विद्यार्थी भर्ना प्रतिशत




## ४.३ सीमान्तकृतलाई वितरण गरिएको छात्रवृत्ति र औसत सिकाइ उपलब्धि

शिक्षामा सबैको पहुँच पुऱ्याउने उद्देश्यले सरकारले सीमान्तकृत वर्गका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाएको छ । यस कार्यक्रमले उक्त वर्गका विद्यार्थीहरूको सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ भन्ने कुरालाई विद्यार्थीहरूका मार्क लेजरबाट तथ्याङ्क संकलन गरेर विद्यार्थीहरूको प्रत्येक वर्षको औसत उपलब्धि कति रहेको थियो भन्ने तथ्याङ्कलाई तलको तालिका ४ मा प्रस्तुत गरिएको छ ।


तालिका ४: सीमान्तकृत वितरण गरिएको छात्रवृत्ति र औसत सिकाइ उपलब्धि

| विद्यालय | छात्रवृत्ति निकासा | विद्यार्थीको औसत उपलब्धि | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०६९ | | २०७० | | २०७१ | |
| | | रकम | उपलब्धि | रकम | उपलब्धि | रकम | उपलब्धि |
| श्री काँकरभिट्टा मा.वि | | ५७.४ | ४१ | ६२ | ४१.८१ | ६७.७ | ४२.५ |
| श्री सरस्वती प्रा.वि | | १४.२ | ४३ | १७.५ | ४२.५ | १९ | ४४ |
| श्री नवज्योती नि.मा.वि | | ३५.७ | ४२ | ८१.७ | ४२.३ | ७८.६ | ४३.१ |
| श्री भानु उ.मा.वि | | ३८.५ | ४७ | ४२.३ | ४९ | ४५ | ४९.९ |
| श्री वलभद्र जनता उ.मा.वि | | ६९.२ | ४४.५ | ८६.५ | ४२.७ | ८८.९ | ४३.५ |

*स्रोत: विद्यालयको मार्क लेजर*

यो तालिका ४ मा उल्लेख भएको तथ्याङ्कलाई गणना गरेर वृत्त चित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

चित्र २ : सीमान्तकृत वितरण गरिएको छात्रवृत्ति र औसत सिकाइ उपलब्धि




तालिका ४ मा अध्ययनमा सामेल गरिएको विद्यालयहरूको छात्रवृत्ति निकासा र सीमान्तकृत बालबालिकाको औसत सिकाइ उपलब्धि वीचको अवस्था देखिन्छ । तालिका अनुसार काँकरभिट्टा उच्च मा.वि, नवज्योति नि.मा.वि र भानु उच्च मा.वि का सीमान्तकृत विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि प्रत्येक वर्ष वृद्धि हुँदै गइरहेको देखिन्छ । सरस्वती प्राथमिक विद्यालयको औसत उपलब्धि २०६९ मा ४३ थियो भने २०७० मा घटेर ४२.३ पुगेको छ तर २०७१ मा भने बढेर ४४ पुगेको देखिन्छ । त्यसैगरी वलभद्र जनता उच्च माध्यमिक विद्यालयको २०६९ मा ४४.५ थियो तर २०७० मा घटेर ४२.७ मात्र भएको छ भने २०७१ मा केहि बढेर ४३.५ पुगेको छ समग्रमा छात्रवृत्ति वितरण गर्नाले सीमान्तकृत बालबालिकाहरूको शैक्षिक उपलब्धि वृद्धि गर्न ठूलो सहयोग पुगेको देखिन्छ ।

## ४.४ छात्रवृत्ति वितरणमा देखिएका चुनौतिहरू

कुनै पनि विद्यालयमा विद्यार्थीहरूको आकर्षण बढाउन,भौतिक अवस्था सुधार गर्न शैक्षिक स्तर वढाउनका लागि विद्यालयमा गरिने आर्थिक लगानीको परिमाण र

त्यसको प्रभावकारी उपयोग गर्ने व्यवस्थाले ठूलो भूमिका निर्वाह गरेको हुन्छ । सामुदायिक विद्यालयमा अध्ययन गर्न आउने बालबालिकाहरूलाई हेर्दा अधिकांश विद्यार्थीहरू न्यून आर्थिक अवस्थाका, अभिभावकको शैक्षिक स्तर न्यून भएका र शिक्षाको नहत्व राम्ररी नवुझेका विभिन्न पारिवारिक समस्यामा रुमलिएका एवं राजनैतिक एवं सामाजिक कारणले विस्थापित भएका वालश्रमिकको रुपमा काम गर्ने एवं धेरै सदस्य भएका परिवारका बालबालिकाहरू नै रहेका छन् । ती विद्यार्थीहरूलाई कापी कलमदेखि लिएर सम्पूर्ण शैक्षिक सामाग्री खरिद गर्न पोशाक खरिद, खाजाको व्यवस्था विद्यालयको विविध शुल्क जस्तै परीक्षा शुल्क जस्ता शुल्कहरू तिर्न कठीन परेर आर्थिक समस्याले सताएको हुन्छ । ती समस्याहरूलाई केहि हदसम्म भएपनि न्युनीकरण गर्ने उद्देश्यले छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाएको छ । छात्रवृत्ति वितरण गर्न प्राप्त रकमको सही उपयोग नगर्दा स्रोतको दुरुपयोग हुन गई घोषित उद्देश्य प्राप्तिमा अवरोध हुन गएको अवस्था छ । विशेषतः यहाँ सीमान्तकृत बालबालिकालाई छात्रवृत्ति वितरण सम्वन्धमा देखिएका चुनौतिहरूलाई औल्याउन खोजिएको छ । अधिकांश विद्यार्थीहरू आर्थिक रुपमा विपन्न रहेका सामुदायिक विद्यालयहरूमा सीमान्तकृतलाई मात्र छात्रवृत्ति वितरण गर्नु वास्तवमै चुनौतिपूर्ण कार्य हो । ती चुनौतिहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

सरकारको तर्फबाट सीमान्तकृत बालबालिकालाई छात्रवृत्ति दिन गरिने लगानी विद्यालयको आवश्यकता र अनुकुलता भन्दा पनि सरकारी नीति र सहजताको आधारमा प्रदान गरिने हुँदा विद्यालयको आवश्यकता अनुसारको समय र परिमाणमा प्राप्त हुन सकेको अवस्था छैन ।

छात्रवृत्ति वितरण कार्य विद्यार्थीको आवश्यकता र औचित्यको आधारमा वितरण हुनुपर्ने तर जातीय आधारमा वितरण गर्ने व्यवस्था हुनु ।

छात्रवृत्तिका लागि गरिएको लगानी विद्यालयको उचित ढंगले वितरण गरे नगरेको अनुगमन नहुनु ।

विद्यालयहरूले सीमान्तकृतलाई निकासा भएको छात्रवृत्ति रकम अन्य बर्गका विद्यार्थीहरू पनि लाभान्वित हुने गरी जस्तै पोसाक आदि खरिद गरी वितरण गर्नाले लक्षित वर्ग समक्ष तोकिएको रकम पुग्न नसक्नु ।

छात्रवृति नगदै रुपमा अभिभावकलाई वितरण गर्दा विद्यार्थीको शौक्षिक सामग्री प्रयोग हुनु पर्ने रकम अन्य घरायसी काममा खर्च हुने अवस्था रहेको ।

सँगसँगै पढ्ने अन्य जातका आर्थिक रुपले अति विपन्न विद्यार्थीहरूमा छात्रवृत्ति रकम नपाँउदा विद्यालय र सरकार प्रति नकारात्मक सोचको विकास हुने जस्ता चुनौतिहरू छन् ।

## ४.५ छात्रवृत्ति वितरणमा देखिएका समस्या/चुनौतिलाई समाधान गर्ने उपायहरू

कुनै पनि विद्यालय सफलतापूर्वक सञ्चालन हुनका लागि पर्याप्त आर्थिक स्रोतको प्राप्ति अपरिहार्य हुन्छ । पर्याप्त आर्थिक नहुँदा लक्ष्य हांसिल गर्न गाह्रो हुन्छ । आर्थिक स्रोत भएर मात्र पनि पुग्दैन त्यसको सदुपयोग हुनु त्यति नै आवश्यक हुन्छ । आर्थिक स्रोतको प्राप्त, परिचालन र व्यावस्थापनमा नै विद्यालयको सफलता र प्रभावकारिता निर्भर रहन्छ । विद्यालयमा विद्यार्थी भर्ना र शौक्षिक स्तर उन्नति र नियमितता वढाउनको लागि सरकारी पक्षबाट दिइने छात्रवृत्ति रकममात्र पर्याप्त छैन तसर्थ निजी क्षेत्रलाई समेत लगानी गर्न प्रोत्साहन गर्नुपर्ने आवश्यकता देखिन्छ । तसर्थ सामुदायिक विद्यालयहरूमा वितरण गरिएको छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी वनाउने उपायको रुपमा निम्न कुराहरू प्रस्तुत गरिएको छ ।

सीमान्तकृत विद्यार्थीहरूलाई वितरण गरिने प्रतिव्यक्ति छात्रवृत्ति रकम अत्यन्तै न्यून रहेकाले उक्त रकम बढाएर समय सापेक्ष वनाउँदै मासिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउने ।

प्रत्येक विद्यार्थीलाई नगद वितरण नगरी उनीहरूका शौक्षिक आवश्यकतालाई नितान्त व्यक्तिगत रुपमा वुझेर ती आवश्यक वस्तु उपलब्ध गराउने व्यवस्था मिलाउनु उचित देखिन्छ ।

विद्यालयमा सीमान्तकृतलाई मात्र नभएर अन्य जातका विद्यार्थीहरूलाई पनि आर्थिक रुपले विपन्न वर्गलाई र जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्ने व्यवस्था मिलाउन जरुरी छ ।

छात्रवृत्ति पाएका बालबालिकाको उपस्थितिलाई नियमित गराउन र शैक्षिक उपलब्धि वृद्धि गर्न अभिभावकलाई पनि जवाफदेही बनाउन अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने एवं विद्यालयमा समय समयमा उपस्थित भएर आफ्ना बालबालिकाको वारेमा जानकारी लिन अनुकुल वातावरण तयार गर्नु पर्दछ ।

विद्यालयको तर्फवाट कम्तिमा प्राथमिक तहसम्म दिवा खाजाको व्यवस्था मिलाउनु पर्ने ।

सामुदायिक विद्यालयमा छात्रवृत्ति कार्यक्रममा गैरसरकारी संस्था तथा निजी क्षेत्रलाई पनि सहभागि गराउन सार्वजनिक कार्यक्रमको आयोजना गरी कदरपत्र तथा अभिनन्दन गरी हौसला वढाउँदै लगानीमा प्रेरित गर्नु पर्दछ ।

विद्यालयमा आर्थिक स्रोतको हिसाब किताब दुरुस्त राख्ने र सरोकारवालाहरू समेतलाई सहभागि गराई सामाजिक लेखापरीक्षण र लेखापरीक्षण गराई अभिभावक भेला आयोजना गरेर सार्वजनिक गर्दै अनुमोदन गराउने जस्ता कार्यहरू गर्नु पर्दछ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझाव

यस अध्ययनको सन्दर्भमा नमूना छनोटमा परेका छ वटा विद्यालयहरूमा विगतका तीन वर्षहरू २०६९, २०७० र २०७१ मा प्राप्त भएका सीमान्तकृत विद्यार्थीका निमित छात्रवृत्ति रकम, सीमान्तकृत विद्यार्थी भर्ना र तिनीहरूको सिकाइ उपलब्धि एवं नियमितताका वारेमा सरोकारवालाहरूवाट प्राप्त सूचना, तथ्याङ्क र स्थलगत अध्ययनवाट प्राप्त तथ्याङ्कको सैद्धान्तिक र व्यावहारिक पक्षहरूको आधारमा अध्ययन प्रस्तुत गरिएको छ ।

अध्ययनको क्रममा शिक्षा प्राप्त गर्न पाउने बालबालिकाको नैसर्गिक अधिकार हो भन्ने कुरालाई राज्यले आत्मसाथ गर्दै सवै जातजातिमा बालबालिकालाई निशुल्क शिक्षा दिन प्रयत्न गरेको छ तथापि केहि अति पिछडीएको सीमान्तकृत बर्गको शिक्षामा त्यति चासो नदेखिएकोले ती जातका बालबालिकालाई विद्यालयमा पढन आउने वातावरण वनाउन उत्प्रेरणा जगाउन एवं विद्यार्थीमा शैक्षिक सामाग्री खरिद गर्न सहयोग पुऱ्याउने भन्ने हेतुले सवै विद्यालयहरूमा विद्यार्थी संख्याको तथ्याङ्कको आधारमा छात्रवृत्ति वितरण गर्न रकम निकासा गरेको पाइयो र हालका वर्षहरूमा प्रति विद्यार्थी रु४००का दरले सीमान्तकृत विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गरेको पाइयो । अंग्रेजी भाषा प्रतिको मोह एवं यत्रतत्र निजी विद्यालयहरू खुलेका कारणले प्रायः सबै विद्यालय र कक्षाहरूमा कुल विद्यार्थी संख्या प्रत्येक वर्ष घट्दै गइरहेको पाइयो । कुल विद्यार्थी संख्या घटे तापनि कुल विद्यार्थी संख्यासँग सीमान्तकृत विद्यार्थीको भर्ना प्रतिशताङ्क भने २०६९ सालको र २०७१ सालको तुलना गर्दा २ वटा विद्यालयमा घटेको छ भने अन्य नमूनाका विद्यालयमा भने वढेको पाइयो । यसअर्थमा छात्रवृत्ति वितरण कार्यक्रमले सीमान्तकृत विद्यार्थी भर्नामा सकारात्मक प्रभाव पारेको प्रष्ट लेखिन्छ ।

सीमान्तकृत विद्यार्थीहरूको औसत उपलब्धि तुलना गरेर हेर्दा २०६९ को तुलनामा २०७१ सालमा ४वटा विद्यालयको औसत उपलब्धि वढेको देखिन्छ भने एउटा विद्यालयको घटेको देखिन्छ । तसर्थ समग्रमा औसत उपलब्धि वृद्धि भएको पाइयो ।

## ५.१ निष्कर्ष

सबैमा लागि शिक्षा भन्ने नारालाई सार्थक बनाउन सात वर्षे दृष्टिकोणमा आधारित भई पाँच वर्षको आर्थिक लगानीको योजना सहित तयार गरिएको विद्यालय

क्षेत्र सुधार योजना २०६६-२०७२ लाई नेपाल सरकार शिक्षा मन्त्रालयले भदौ २०६६ मा स्वीकृत गऱ्यो र नेपाल सरकारको अनुरोधमा विकास साझेदारहरूले २०६६ असारमा विद्यालय क्षेत्र सुधार योजनाको पुनरावलोकन गरी आ.व.२०६६/०६७ देखि यो योजना कार्यन्वयन गर्न सहयोग प्रदान गर्ने सहमति जनाए। यस योजना अनुसार २०६६/०६७ देखि शिक्षाको पहुँचमा आउन नसकेका सीमान्तकृत वर्गका बालबालिकालाई शिक्षा प्रतिको आकर्षण जगाउन र शैक्षिक खर्च सहयोग पुऱ्याउने हेतु प्रत्येक विद्यालयमा सीमान्तकृत छात्रवृत्ति स्वरुप रकम निकासा गरी वितरण गर्ने कार्यको शुरुवात भयो ।

सामुदायिक विद्यालयमा अध्ययन गर्ने अधिकांश विद्यार्थीहरू न्यून आर्थिक अवस्था भएका कारणले सीमान्तकृत वर्गका मात्र नभई अन्य वर्ग र जातजातिका विद्यार्थीहरूलाई पनि पोशाक, कापी, कलम र अन्य शैक्षिक सामग्री जुटाउन सहज परिस्थिति थिएन त्यसैले कतिपय विद्यालयले शुरुका वर्षहरूमा सीमान्तकृतका लागि प्राप्त छात्रवृत्ति रकम सवै विद्यार्थीहरूलाई हुने गरी पोशाक खरिद गरिदिने वा दामासाहीले वितरण गरिदिने गरेको पाइयो तर पछिल्ला वर्षहरूमा (यो अध्ययनका लागि तथ्याङ्क लिइएको साल २०६९ देखि यता) भने तोकिए वमोजिम सीमान्तकृत छात्रवृत्ति सम्बन्धित विद्यार्थीहरूलाई नै वितरण गरेको देखिन्छ ।

अन्य जातजाति र वर्गका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण गर्ने व्यवस्था सरकारले गर्न नसकेको कारणले न्यून आर्थिक अवस्था भएकै कारणले बालबालिकाहरू शिक्षा आर्जन गर्नबाट वञ्चित हुनुपर्ने यस अवस्थामा सरकारले अन्य संघ संस्था ब्यक्ति तथा गैर सरकारी संस्थालाई समेत आव्हान गरेर न्यून आर्थिक अवस्था भएका बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था मिलाउन जरुरी देखिन्छ साथै सरकारले वितरण गर्दै आएको सीमान्तकृत छात्रवृत्ति रकम अत्यन्तै न्युन रहेको हाल प्रति सीमान्तकृत विद्यार्थीले रु.४०० का दरले छात्रवृत्ति पाउँदै आएको अवस्था छ । यो अत्यन्तै न्युन भयो । यो रकम बढाएर कम से कम विद्यार्थीको वर्षभरिमा पोशाक र शैक्षिक सामाग्री खरिद गर्न लाग्ने न्युनतम् रकम बराबर छात्रवृत्ति रकम वितरण गर्न जरुरी छ । यसका अलावा विद्यार्थीहरूलाई दिवा खाजा वितरणको व्यवस्था गर्ने, व्याकरणको पुस्तक, एटलास, ज्यामिट्रीवक्स, शब्दकोश जस्ता पाठ्यपुस्तक बाहेकका पाठ्य सामग्रीहरू वितरण गर्नु पर्ने आवश्यकता देखिन्छ ।

छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको उपस्थितिमा नियमितता र शैक्षिक उपलब्धिमा सुधार हुँदै गएको पाइएकोले छात्रवृत्ति वितरण कार्य अनिवार्य रुपमा र सवै विद्यार्थीहरूलाई वितरण गर्ने व्यवस्था मिलाउन आवश्यक देखिन्छ ।

माथि उल्लेखित कुरालाई बुँदागत रुपमा यसरी प्रस्तुत गरिएको छ :

सीमान्तकृत विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्ने कार्य २०६७ बाट सुरु भई सञ्चालनमा रहेको ।

सुरुका बर्षहरूमा विद्यालयले विभिन्न किसिमका छात्रवृत्ति रकमहरूलाई मिलाएर सबै विद्यार्थीहरूलाई दामासाहीमा वितरण गर्ने गरेको ।

पछिल्ला तीन वर्षहरूमा सरकारले तोके बमोजिम सीमान्तकृत विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको ।

सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दै गइरहेको ।

सीमान्तकृत विद्यार्थी भर्नाको प्रतिशतांक बढ्दो क्रममा रहेको ।

विद्यालय जाने उमेरका सीमान्तकृत बालबालिका अझै पनि १०% विद्यालयको पहुँच बाहिर रहेको अवस्था ।

छात्रवृत्ति वितरण कार्यक्रमले विद्यार्थीहरूको शैक्षि उपलब्धिमा सकारात्मक प्रभाव पारेको जस्ता कुराहरू पाइयो ।

## ५.२ सुझावहरू

प्रस्तुत शोधकार्यको कममा प्राप्त तथ्याङ्कहरूको व्याख्या विश्लेषणबाट प्राप्त निष्कर्षहरूको अध्ययनले नीतिगत तह, अभ्यास तह र अनुसन्धान तहका लागि सुझाबहरू यस प्रकार प्रस्तुत गरिएको छ । सीमान्तकृत बालबालिकाका लागि छात्रवृत्ति कार्यक्रम शीर्षकमा गरिएको यस अध्ययनले सामुदायिक विद्यालयमा वितरण गरिने सीमान्तकृत छात्रवृत्ति र यसले विद्यार्थी भर्नामा पारेको प्रभाव, सिकाइ उपलब्धि र नियमिततामा पारेका प्रभावहरूको वीचमा के कस्तो अन्तर सम्बन्ध छ भन्ने कुरा चित्रण गरिएको छ ।

### ५.२.१ नीतिगत तह

छात्रवृत्ति शीर्षकमा गरिने लगानी र सो लगानी अनुरुपको उपलब्धिको आधारमा प्रणालीगत विश्लेषण गर्दै नीति तथा कार्यक्रमहरू तर्वुमा गर्नु पर्ने देखिन्छ ।

जसले छात्रवृत्ति कार्यक्रममा सहयोग पुऱ्याउन निजी क्षेत्र संघ संस्था वा व्यक्तिहरूलाई पनि सहभागी गराउन अभिप्रेरित गर्ने नीति तथा कार्यक्रम सरकारले ल्याउनुपर्छ ।

विभिन्न शीर्षकहरू जस्तै सीमान्तकृत छात्रवृत्ति, दलित छात्रवृत्ति, छात्रा छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति, आदि छात्रवृत्ति रकमहरू निश्चित समयावधी भित्र विद्यालयहरूमा उपलब्ध गराउन प्रभावकारी नीतिगत व्यावस्था सरकारले गर्नु पर्छ ।

गरीब तथा जेहेन्दार विद्यार्थीलाई पनि छात्रबृत्ति वितरण गर्ने व्यवस्था समेत सरकारले मिलाउनु पर्छ भनी सुझावका रुपमा प्रस्तुत गरिन्छ ।

**५.२.२ अभ्यास तह**

छात्रवृत्ति वितरणका लागि वनेका नीति तथा कार्यक्रमहरूको कार्यान्वयन प्रक्रियालाई अझ वढी प्रभावकारी बनाउन सरोकार पक्षहरूलाई वढी भन्दा वढी जिम्मेवार र जवाफदेही वनाउँदै अनुगमन संयन्त्र निर्माण गर्नुपर्ने देखिन्छ । छात्रवृत्ति कार्यक्रममा विद्यालयहरूले स्थानीय शिक्षाप्रेमी र समाजसेवीहरूलाई पनि प्रोत्साहन गरेर अक्षयकोषहरू स्थापना गर्नुपर्ने । सरकारबाट प्राप्त हुने छात्रवृत्ति रकम विशेषगरी विद्यार्थी संख्याको आधारमा नभई अनुमानित रुपमा विद्यालयहरूमा प्राप्त हुने भएकाले सकेसम्म लक्षित वर्गका विद्यार्थी वढी भन्दा वढी रकम पर्ने गरी वितरण गर्नु पर्ने तर प्राप्त रकम निश्चित दरले विद्यार्थीहरूलाई वितरण गरेर बचत हुन गएको रकम अन्य शीर्षकहरूमा खर्च गर्ने गरेको देखिन्छ यो प्रक्रिया सुधार गर्नु पर्ने देखिन्छ । कतिपय विद्यालयहरूमा यथार्थमा नभई गलत तथ्याङ्क पेश गरेर बढी विद्यार्थी संख्या देखाएर वढी छात्रवृत्ति रकम प्राप्त गर्ने गरेको देखिन्छ । यो गलत प्रवृतिलाई हटाएर यथार्थ विवरण पेश गर्ने व्यवस्था मिलाउन जरुरी छ । वितरण गरिएको छात्रवृत्ति रकम विद्यार्थीहरूको शैक्षिक सामग्रीमा खर्च नगरी घरायसी आवश्यकता पूरा गर्न प्रयोग भएको अवस्थामा विद्यालयले अभिभावकलाई सचेत गराउने र अनुगमन गरेर बालबालिकाको शैक्षिक पक्षमामै खर्च गर्ने वातावरण सृजना गर्नु पर्छ । विभिन्न शीर्षकमा अलग अलग दरले वितरण गर्नु पर्ने छात्रवृत्ति रकमहरू जस्तै छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति सीमान्तकृत छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति जस्ता छात्रवृत्ति रकमहरू नियमानुसार वितरण नगरेर विद्यालयले आफ्नै ढंगले सबै रकम सबै प्रकारका विद्यार्थीहरूमा समान दरले वितरण गर्ने गरेको कतैकतै देखिन्छ यो गलत हो यसलाई नीति र नियमअनुसार वितरण गर्ने व्यावस्था मिलाउनु पर्दछ ।

**५.२.३ अनुसन्धान तह**

यो अध्ययनबाट प्राप्त तथ्याङ्कहरूबाट पहिचान गरिएको समस्याहरू तथा तथ्याङ्कको व्याख्या विश्लेषणवाट प्राप्त निष्कर्षले समग्र देश भरीका सामुदायिक विद्यालयहरूको भौतिक व्यवस्थापन र विद्यार्थी भर्नाको प्रतिनिधित्व गर्न सकोस भन्ने अध्ययनको मुल आशय हो । यस अध्ययनवाट प्राप्त निष्कर्षहरू भौगोलिक विविधतामा पनि लागु हुन सक्छ कि सक्दैन भन्ने प्रश्नको तथ्यपरक अवस्था प्राप्त गर्न थप अनुसन्धानको आवश्यकता पर्दछ । लगानीको स्रोत पहिचान, आर्थिक अनुशासन तथा पारदर्शिता, शैक्षिक लगानी प्रतिको दायित्व जस्ता विषयमा अझ अनुसन्धान गर्नु आवश्यक देखिन्छ । विद्यार्थी भर्नामा प्रभावपार्ने अन्य कारक तत्व पनि हुन सक्ने अवस्था अध्ययनले औंल्याएको छ । तसर्थ विद्यार्थी भर्नामा प्रभाव पार्ने अन्यकारक तत्वहरूको समेत खोजी गरी थप अध्ययन अनुसन्धान गर्न सुझावका रुपमा प्रस्तुत गरिन्छ ।

# सन्दर्भ सूची

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्र बहादुर (२०६२), *शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,* काठमाण्डौ ; विद्यार्थी पुस्तक भण्डार ।

खनाल, दिपक,(२०६८), *भौतिक व्यवस्थापनले विद्यार्थी भर्नामा पारेको प्रभाव* ; (एम.एड. अप्रकाशित शोधपत्र),त्रिभुवन विश्वविद्यालय, काठमाण्डौ

खनाल, पेशल, (२०६२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौ , सनलाइट प्रकाशन

ढकाल, माधव प्रसाद, (२०६२), *शैक्षिक प्रशासन, काठमाण्डौ* ; रत्न पुस्तक भण्डार ।

थापा, भवानीप्रसाद, (२०६८) *सामुदायिक प्राथमिक विद्यालयको आर्थिकस्रोत व्यवस्थापनमा सरकारी तथा गैर सरकारी क्षेत्रको सहभागिता,* (एम.एड. अप्रकाशित शोधपत्र), त्रिभुवन विश्वविद्यालय, काठमाण्डौ ।

धिताल, जीवनाथ, (२०६६), *शैक्षिक गुणस्तरीयता र लगानीका नीतिगत पक्षहरु विकासको निम्ति शिक्षा, काठमाण्डौ* ; शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) ।

वाग्ले, मनप्रसाद र कार्की, उपेन्द्र कुमार, (२०५१), *शिक्षाका आधारहरु, काठमाण्डौ* ; विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवि र शर्मा निमर्ला , (२०६५), *शिक्षाको परिचय, काठमाण्डौ;* एम.के. पब्लिशर्स एण्ड डिस्ट्रिब्युटर्स ।

शिक्षा मन्त्रालय,(२०६६), *विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२,* केशरमहल, काठमाण्डौ

शिक्षा विभाग, (२०६०), *विद्यालय सुधार योजना निर्देशिका,* सानोठिमी, भक्तपुर ; लेखक ।

# छात्रवृत्ति कार्यक्रमसँग शैक्षिक उपलब्धिको सम्बन्ध

## अनुसूची- १

## प्रधानाध्यापकको लागि प्रश्नावली

विद्यालयको नाम :

प्रधानाध्यापकको नाम :

(१). तपाईको विद्यालयको भौतिक तथा आर्थिक अवस्था कस्तो छ ?

उत्तरः ....................................................................................................

......................................................................................................................

(२). अघिल्ला वर्षहरुको तुलनामा विद्यार्थी भर्नामा वृद्धि भएको छ कि छैन् ?

उत्तरः ....................................................................................................

......................................................................................................................

(३). अघिल्लो वर्षको तुलनामा सीमान्तकृत वालवालिकाको भर्नाको अवस्था कस्तो छ ?

उत्तरः ....................................................................................................

......................................................................................................................

(४). सीमान्तकृत विद्यार्थीको भर्ना बढाउन विद्यालयले के-के कार्यक्रमहरु ल्याएको छ ?

उत्तरः ....................................................................................................

......................................................................................................................

(५) सीमान्तकृत विद्यार्थीहरुको भर्ना दर वढाउन नीजि क्षेत्रको छात्रवृत्ति दिने व्यवस्था छ कि छैन् ?

उत्तरः ....................................................................................................

......................................................................................................................

(६) गत वर्ष सरकारवाट सीमान्तकृत विद्यार्थीको छात्रवृत्तिको लागि कति रकम प्राप्त भएको थियो ?

उत्तर : ......................................................................................................

......................................................................................................

(७) सीमान्तकृतको लागि आएको छात्रवृत्ति रकम तिनै समुदायले मात्र तोके वमोजिम पाउँछन कि अन्य समुदायका गरिब विद्यार्थीहरुमा पनि त्यो रकम दामासाहिमा वाँडिन्छ ?

उत्तर : ......................................................................................................

......................................................................................................

(८) सीमान्तकृतले पाउने छात्रवृत्ति अभिभावकले आफना सन्तानको शैक्षिक पक्षमा खर्च भएको या दुरुपयोग भएको के कस्तो अवस्था छ ?

उत्तर : ......................................................................................................

......................................................................................................

(९) यस विद्यालयको पकड क्षेत्र भित्र सीमान्तकृत वर्गका बालबालिका विद्यालय जानबाट बन्चित भएको अवस्था छ कि छैन ? छ भने के कारण होला ?

(क) उल्लेख्य वृद्धि (ख) सामान्य वृद्धि (ग) उस्तै उस्तै (घ) घट्दो अवस्था

(१०) सीमान्तकृत विद्यार्थी भर्नादर वढाउन अब के के गर्नु पर्छ भन्ने सुझाव दिनु हुन्छ ?

क : ......................................................................................................

ख : ......................................................................................................

ग : ......................................................................................................

# छात्रवृत्ति कार्यक्रमसँग शैक्षिक उपलब्धिको सम्बन्ध

अनुसूची- २

## शिक्षकको लागि प्रश्नावली

विद्यालयको नाम :

शिक्षकको नाम :

(१) तपाइको विद्यालयमा अघिल्लो वर्षको तुलनामा विद्यार्थी भर्नादर बढेको छ कि घटेको छ ? कतिले ?

उत्तर : ..........................................................................................

..........................................................................................................

(२) सीमान्तकृत विद्यार्थीहरुलको संख्या साना कक्षामा वढी छ कि ठूला कक्षाहरुमा वढी छ ?

उत्तर : ..........................................................................................

..........................................................................................................

(३) सीमान्तकृत विद्यार्थीहरुले सबैले आवश्यक शैक्षिक सामग्री, पोषाकको व्यावस्था गरेको अवस्था कस्तो छ ?

उत्तर : ..........................................................................................

..................................................................................................

(४) छात्रवृत्ति पाउने विद्यार्थीहरुको विद्यालयमा उपस्थितिको अवस्था कस्तो छ ?

उत्तर : ..........................................................................................

(५) सीमान्तकृतलाई दिइने छात्रवृत्ति रकम पर्याप्त छ वा छैन् ?

उत्तर : ..........................................................................................

..........................................................................................................

(६) यो छात्रवृत्ति वितरण कार्यक्रमले सीमान्तकृत वालवालिकाको शैक्षिक स्तर बढाउन मद्दत पुगेको छ कि छैन् ?

उत्तर : ................................................................................................

................................................................................................................

(७) सीमान्तकृतलाई दिइने छात्रवृत्तिले अन्य वर्गका विद्यार्थीहरुमा कस्तो प्रभाव पारेको देखिन्छ ?

उत्तर : ................................................................................................

(८) सीमान्तकृत वर्गका पढने उमेरका बालबालिका अझै पनि विद्यालय जानबाट वन्चित हुनुको कारण के होला ?

(क) गरिबी (ख) शिक्षाको महत्व नबुझ्नु

(ग) अरुको देखासेखी गरेर (घ) माथिका सबै

(९) सीमान्तकृत बालबालिकाको भर्नादरमा वृद्धिहुनाको कारण के हो ?

(क) चेतनाको विकासले (ख) छात्रवृत्ति पाउने मोहले

(ग) अरुको देखासेखी गरेर (घ) माथिका सबै

(१०) सीमान्तकृत बालबालिका विद्यालय जानबाट नहट्न भन्नको लागि के के उपायहरु गर्न सकिन्छ ?

(क) ................................................................................................

(ख) ................................................................................................

(ग) ................................................................................................

# छात्रवृत्ति कार्यक्रमसँग शैक्षिक उपलब्धिको सम्बन्ध

अनुसूची- ३

## वि.व्य. स. का अध्यक्ष तथा सदस्यहरुकालागि प्रश्नावली

विद्यालयको नाम :

वि.व्य. सदस्य /अध्यक्षको नाम:

(१) सबैलाई शिक्षा प्रदान गर्ने सवालमा गरिव र जेहेन्दारकालागि छात्रवृत्ति वितरण कार्यक्रम सञ्चालन गर्नु भएको छ ?

(क) छ (ख) छैन

(२) निजी क्षेत्रबाट छात्रवृत्ति वितरणको व्यवस्था छ कि छैन ?

(क) छ (ख) छैन

(३) कस्ता विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्था छ ?

(क) गरिव (ख) दलित (ग) सीमान्तकृत (घ) जेहेन्दार (ङ) माथिका सबै

(४) छात्रवृत्ति वितरण कार्यक्रमले भर्नादर बढाउन मद्दत पुगेको देखिन्छ ?

(क) धेरै मद्दत पुगेको (ख) केही मद्दत पुगेको (ग) खासै मद्दत पुगेको छैन्

(५) छात्रवृत्ति वितरण कार्यक्रममा सुधार गर्न जरुरी छ ?

(क) छ (ख) छैन

(६) छात्रवृत्ति वितरण कार्यक्रममा भावि दिनमा सुधारका कायृक्रमहरु के के छन् ?

(क) ............... ..................... ..................................................

(ख) ....................... ................................................................

(ग) ................................................ .......................................

(७) सीमान्तकृतलाई दिइने छात्रवृत्तिले ती वर्गका विद्यार्थीको भर्नादरमा के-कस्तो प्रभाव पारेको अनुभुति गर्नु भएको छ ?

उत्तर : ..............................................................................................

..................................................................................................

(८) विद्यार्थी भर्नादर वढाउने अरु कुनै उपायहरु छन् की ?

उत्तर : ..............................................................................................

.....................................................................................................

# छात्रवृत्ति कार्यक्रमसँग शैक्षिक उपलब्धिको सम्बन्ध

**अनुसूची- ४**

## विद्यार्थीका लागि पश्नहरु

विद्यालयको नाम : विद्यार्थीको नाम :

कक्षा :

(क) कस्ता विद्यार्थीहरुले छात्रवृत्ति थाहा छ ?

उत्तर : ..........................................................................................

(ख) छात्रवृत्ति भनेको के हो ?

उत्तर : ..........................................................................................

(ग) तिम्रो विचारमा सीमान्तकृतलाई मात्र छात्रवृत्ति दिनुपर्छकी अन्य वर्गका विद्यार्थीलाई पनि छात्रवृत्ति दिन जरुरी छ ?

उत्तर : ..........................................................................................

(घ) छात्रवृत्ति रकम प्रर्याप्त छ ?

उत्तर : ..........................................................................................

(ङ) छात्रवृत्तिको रकम कसको हातमा दिनु उचित हुन्छ ?

(क) विद्यार्थी स्वयंलाई (ख) बुवालाई (ग) आमालाई (घ) जसलाई दिए पनि हुन्छ

(च) छात्रवृत्ति रकम नपाएको भए तिनीहरु पढन पाउँथ्यौं ?

(क) पाउने थियौं (ख) पाउने थिऐनौं (ग) गाऱ्हो हुन्थो (घ) थाहा छैन

(छ) छात्रवृत्तिमा पाएको रकम के मा खर्च गर्छौ ?

(क) शैक्षिक समाग्री किन्न (ख) पोसाक किन्न

(ग) घर खर्च चलाउन (घ) वुवा आमाले गर्नु हुन्छ

(ज) कस्ता विद्यार्थीहरुले छात्रवृत्ति पाउनु पर्छ ?

(क) जेहेन्दारले (ख) गरिबले (ग) जातविशेषले (घ) गरिब तथा जेहेन्दारले

(झ) सीमान्तकृत वर्गका विद्यार्थी भर्नादर बढाउन के गर्नु पर्ला ?

उत्तर : ........................................................................................

(ञ) छात्रवृत्ति नपाउँदा कस्तो लाग्छ ?

उत्तर : ........................................................................................

(ट) सीमान्तकृत छात्रवृत्ति पाउँदा कस्तो लाग्छ ?

उत्तर : ........................................................................................

(ठ) छात्रवृत्ति पाइन्छ भन्ने जान्दा जान्दै पनि विद्यालयमा भर्ना भएर पढ्न नपाउने भाई बहिनी तथा साथीहरु तिम्रो गाउँघरमा कोही छन् कि छैन्न ?

उत्तर : ........................................................................................

(ड) तिम्रो समुदायका मानिसले सबैले पढनु अनिवार्य छ भन्ने कुरा कतिले बुझेका छन् ?

(क) केहिले मात्र (ख) धेरैले (ग) आधाजतिले (घ) सबैले

(ढ) तिमीले अहिले राम्रै गरी पैसाकमाई हुने काम पायौ भने त्यो काम गर्न थाल्छौ की पढाईलाई नै निरन्तरता दिन्छौ ?

उत्तर : ........................................................................................

(ण) तिम्रो समाज र समुदायमा पढाइ छोडेर घरको काममा लागेका साथी भाईहरुले के कारणले विद्यालय छाडेका होलान्? कारण बुझेका छौ ?

उत्तर : ........................................................................................

........................................................................................................

# छात्रवृत्ति कार्यक्रमसँग शैक्षिक उपलब्धिको सम्बन्ध

## अनुसूची- ५

## अभिभावकका लागि प्रश्नहरु

नाम :

विद्यालय :

(क) वालवच्चाले पाएको छात्रवृत्ति रकम के मा खर्च गर्नु हुन्छ ?

(क) शैक्षिक सामग्री खरिदमा (ख) घर खर्चमा (ग)अन्य काममा

(ख) यो रकम पर्याप्त छ ?

क) ठीकै छ ख) कम छ ग) वढी पाइए हुन्थ्यो घ) धन्न पाइन्छ

(ग) किन सरकारी विद्यालयमा नै आफ्ना वच्चालाई पठाउनु भएको ?

(क) पढाई राम्रो भएकाले (ख) आर्थिक अवस्था कम्जोर भएर

(ग) नजिकको विद्यालय भएकाले

घ) सरकारी विद्यालयमा छात्रवृत्ति पाउने हुँदा हुँदैपनि आफ्ना केटाकेटीलाई किन निजी विद्यालयमा पठाउनु भएको ?

क) पढाई राम्रो भएकोले ख)अंग्रेजी जान्ने वनाउन ग)नजिकैको विद्यालय भएकाले

ङ) तपाईको समुदायका वालवालिका सरकारी विद्यालयमा जाने र निजी विद्यालयमा जाने कुन वढी हुन्

क) सरकारी विद्यालयमा जाने ग) बराबर

ख) निजी विद्यालयमा जाने घ) याद गरेको छैन्

(च) बच्चालाई विद्यालयमा कक्षा एकमा भर्ना गर्ने उमेर कति हो थाहा छ ?

क) ३ वर्षमा ख) ४ वर्षमा ग) ५ वर्षमा घ) ६ वर्षमा

(छ) छोरा छोरीले छात्रवृत्ति नपाउने अवस्थामा विद्यालयमा भर्ना गरि दिनु हुन्थ्यो ?

उत्तर : ...........................................................................................

(ज) छात्रवृत्ति नपाउँदा कस्तो अनुभव गर्नु हुन्छ ?

उत्तर : ...........................................................................................

(झ) सबै जातजाति र वर्णका बालबालिकाहरुलाई पढने अवसर प्रदान गर्न के कस्ता व्यवस्था मिलाउनु होला ?

उत्तर : ...........................................................................................

# छात्रवृत्ति कार्यक्रमसँग शैक्षिक उपलब्धिको सम्बन्ध

## अनुसूची- ६

## नमुना छनोटमा परेका शिक्षकहरुको नामावली

| क.सं | शिक्षकको नाम | विद्यालयको नाम | ठेगाना |
|---|---|---|---|
| १ | श्री माधवराज राउत | श्री काँकरभिट्टा उच्च मा.वि | मेचीनगर १०,काँकरभिट्टा |
| २ | श्री तुलसा प्र. शर्मा | श्री काँकरभिट्टा उच्च मा.वि | मेचीनगर १०,काँकरभिट्टा |
| ३ | श्री धनराज भण्डारी | श्री नवज्योती नि. मा. वि | वाहुण्डाँगी ३, वडाखाल |
| ४ | श्री धनकला दाहाल( | श्री नवज्योती नि. मा. वि | वाहुण्डाँगी ३, वडाखाल |
| ५ | थापा) | श्री भानू उच्च मा. वि | वाहुण्डाँगी ४,भृकुटी |
| ६ | श्री राजेश भट्टराई | श्री भानू उच्च मा. वि | वाहुण्डाँगी ४,भृकुटी |
| ७ | श्री छविलाल अर्याल | श्री वलभद्र जनता उ.मा.वि | धाइजन |
| ८ | श्री होमराज ढकाल | श्री वलभद्र जनता उ.मा.वि | धाइजन |
| ९ | श्री भूमा देवि आङदम्बे | श्री सरस्वति प्रा.वि. | मेनपा ११ |
| १० | श्री यज्ञ चापागाँई | श्री सरस्वति प्रा.वि. | मेनपा ११ |
| | श्री फुलमायाँ वराल | | |

# छात्रवृत्ति कार्यक्रमसँग शैक्षिक उपलब्धिको सम्बन्ध

## अनुसूची- ७

## छनोटमा परेका विद्यार्थीहरुको नामावली

| क्रं. सं | विद्यालय | विद्यार्थीहरु |
|---|---|---|
| १ | श्री काँकरभिट्टा उच्च मा.वि | १. प्रतिमा मुण्डा<br>२. हिरु वाँतर<br>३.किरण वाँतर<br>४.मुना मुर्मु सतार |
| २. | श्री सरस्वती प्रा.वि. | १.सुभी सतार<br>२.कमल दनुवार<br>३.हिरा राजवंशी<br>४.करण वि.क. |
| ३. | श्री नवज्योती नि.मा.वि | १. सकुनी किसान<br>२.दिपाली मेचे<br>३.सविन किसान<br>४.गणेश खतिक्का |
| ५ | श्री वलभद्र जनता उ. मा.वि | १.अर्जुन मेचे<br>२.अनु मेचे<br>३.सागर दर्जी<br>४.कुमार राई |

# छात्रवृत्ति कार्यक्रमसँग शैक्षिक उपलब्धिको सम्बन्ध

## अनुसूची- ८

## छनोटमा परेका विद्यालय व्यावस्थापन समिति अध्यक्षहरु

| क.सं. | विद्यालय | अध्यक्ष |
|---|---|---|
| १ | श्री कााँकरभिट्टा उच्च मा. वि. | श्री हरि कार्की |
| २ | श्री सरस्वती प्रा.वि. | श्री हिरा मोहन राजवंशी |
| ३ | श्री भानु उच्च मा. वि. | श्री मेघनाथ वांस्तोला |
| ४ | श्री नवज्योती नि. मा. वि. | श्री प्रेम थापा |
| ५ | श्री वलभद्र जनता उच्च मा. वि. | श्री कविलाल मेचे |

# छात्रावृत्ति कार्यक्रमसँग विद्यार्थी भर्नाको सम्बन्ध

## अनुसूची- ९
## छनोटमा परेका अभिभावकहरुको नामावली

| क.सं. | अभिभावकको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री रतिया मुण्डा | मे. न. पा. ११ |
| २ | श्री लाल वाँतर | मे. न. पा १० |
| ३ | श्री गम्भिर वाँतर | मे. न. पा. ११ |
| ४ | श्री तुल्सी प्रसाद(शर्मा) सापकोटा | मे. न. पा. १२ |
| ५ | श्री आशा मेचे | वाहुण्डाँगी ३ |
| ६ | श्री धुनी मेचे | वाहुण्डाँगी ३ |
| ७ | श्री गोपाल थापा | वाहुण्डाँगी ३ |
| ८ | श्री आशिष लिम्बु | वाहुण्डाँगी ३ |
| ९ | श्री मन्दिरा | वाहुण्डाँगी ४ |
| १० | श्री डोल्मा तामाङ्ग | वाहुण्डाँगी ३ |
| ११ | श्री प्रधान किसान | वाहुण्डाँगी ४ |
| १२ | श्री वावुलाल मेचे | वाहुण्डाँगी २ |
| १३ | श्री खोकेन मेचे | वाहुण्डाँगी ४ |
| १४ | श्री अर्जुन राई | धाइजन |
| १५ | श्री विशाल दनुवार | धाइजन |
| १६ | श्री जितेन मेचे | धाइजन |
| १७ | श्री धर्मानन्द भट्टराई | धाइजन |
| १८ | श्री धरणी गुरागाँई | मे.न.पा १२ |
| १९ | श्री वुलाल मेचे | वाहुण्डाँगी ३ |

# छात्रवृत्ति कार्यक्रमसँग शैक्षिक उपलब्धिको सम्बन्ध

## अनुसूची- १०

## नमुना छनौटमा परेका विद्यार्थीहरुको सिकाइ उपब्धि संकलन फाराम

कक्षा : विद्यालयको नाम :

| क.स | विद्यार्थीको | पूर्णाङ्क | विषयगत प्राप्ताङ्क | | | | | | | | | कुल प्राप्ताङ्क | कक्षागत औषत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |